# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ६३ | काठमाडौं | सोमबार, १० असार २०८१ | Prabhab National Daily | Monday, June 24, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



संक्रामक रोगबाट बचौं र बचाऔं ।

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरू फैलिन सक्दछन् ।

त्यसैले

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


संसद् समीक्षा

## बजेटमाथि सत्तापक्षका सांसदकै चर्को असन्तुष्टि

- सत्तापक्षकै सांसदहरूले पनि विनियोजन विधेयकमाथि आक्रोश र असन्तुष्टि पोख
- राप्रपा अध्यक्ष एवं प्रतिनिधिसभा सांसद राजेन्द्रप्रसाद लिङ्देनद्वारा भौतिक पूर्वाधार मन्त्रालयको वार्षिक विकास कार्यक्रम पुस्तिका च्याते
- प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूद्वारा रोस्ट्रममै मौनधारण
- सांसद ज्ञानबहादुर शाहीले बजेटमा कर्णालीलाई उपेक्षा गरिएको भन्दै र सांसद तेजुलाल चौधरीले आफ्नो निर्वाचन क्षेत्रमा एउटा पनि योजना नपरेको भन्दै सभामुखमार्फत सरकारलाई रातो किताब फिर्ता



■ **रमेश लम्साल**
**हेमन्त जोशी**

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट संसद्मा प्रस्तुत भएपछिका हरेकजसो सार्वजनिक कार्यक्रममा अर्थमन्त्री वर्षमान पुनले बजेटमाथि अरू वर्षको जस्तो राजनीतिकरूपमा र निजी क्षेत्रबाटसमेत आलोचना नभएको दाबी गर्दै आएका थिए । तर बजेट आएको तीन हप्ता बित्दासम्ममा संसद्मा सत्तापक्षकै सांसदबाट चर्को आलोचना र विरोध भइरहेको छ । संघीय संसद्का पछिल्ला बैठकहरूमा बजेट विनियोजन सन्तुलित नभएको, एकाध जिल्लामा मात्रै केन्द्रित गरिएकोलगायत विषयले प्राथमिकता पाएको छ ।

पछिल्लो एक सातामा प्रतिनिधिसभाको बैठक चार दिन र राष्ट्रिय सभाको बैठक एक दिन चल्यो । बैठकहरूमा गरमागरम बहस भएको छ । जनताका विषयहरू पनि संसद्मा स्पष्टसँग उठेको छ । समाधानका उपाय पनि जिज्ञासा राख्ने सांसदहरूले नै राखेको पाइएको छ । प्रतिनिधिसभाको जेठ २, ४, ५ र ६ गतेको बैठकमा विनियोजन विधेयक, २०८१ का विभिन्न शीर्षकमाथिको छलफल चल्यो । राष्ट्रिय सभाको जेठ ४ गतेको बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधिसभाबाट भएको संशोधनमाथि छलफल गरियोस् र उक्त संशोधनलाई सहमति गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेकी थिइन् ।

असार २ गते बसेको प्रतिनिधिसभा बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले 'लगानी सहजीकरणसम्बन्धी नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१' लाई प्रस्तुत गरेका थिए । प्रतिनिधिसभाको उक्त बैठकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अर्थ मन्त्रालयको वार्षिक विकास कार्यक्रममाथि छलफल भएको थियो । साथै, खर्च कटौतीका विभिन्न आठवटा प्रस्ताव प्रस्तुत भएका थिए ।

त्यसदिनको छलफलका क्रममा तीनवटा मन्त्रालयको वार्षिक विकास कार्यक्रममाथि मिश्रित धारणा आएको थियो । विनियोजनमा कुशलता नदेखिएको, शक्ति र पहुँचका आधारमा बजेट विनियोजन भएको, आवश्यकता पहिचानविनै बजेट बाँडिएको, अर्थ विविध शीर्षकमा ठूलो रकम विनियोजन गरेर आर्थिक अनुशासन मिचिएको, संघीय सरकारबाट धेरै टुक्रे आयोजना परेकोलगायत विषय छलफलका क्रममा उठेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

## मुख्यसचिव अर्यालसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

- अन्तशुल्क स्टिकर छपाइमा भ्रष्टाचार गरेको अभियोग
- स्टिकर ठेक्का दिंदाको समग्र रकम दुरुपयोग भएको भन्दै अख्तियारले गऱ्यो ३८ करोड ६७ लाख भ्रष्टाचार भएको दाबी
- स्टिकरका लागि कागज र टोनर खरिद गरिसकेपछि आफ्नै मेसिनबाट स्टिकर छाप्नुपर्नेमा अरूलाई ठेक्का दिनु गलत भएको अख्तियारको जिकिर
- बहालवाला मुख्यसचिवमाथि भ्रष्टाचार मुद्दा लागेको पहिलो घटना




■ **जेबी योञ्जन**

**काठमाडौं–** अवकाश हुनुभन्दा दुई दिनअघि मात्रै मुख्यसचिव नियुक्त भएका डा. वैकुण्ठ अर्याल भ्रष्टाचार प्रकरणमा मुछिएका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उनीविरुद्ध अन्तशुल्क स्टिकर छपाइमा भ्रष्टाचार गरेको अभियोगमा आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो । यससँगै उनी स्वतः पदमुक्त भएका छन् ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १७ मा सार्वजनिक पद धारण गरेको व्यक्तिविरुद्ध भ्रष्टाचार मुद्दा दायर भए स्वतः निलम्बन हुने व्यवस्था छ । सोहीअनुसार निलम्वनमा परेका अर्याल नेपालको निजामती इतिहासमा अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको सबैभन्दा उच्चपदस्त बहालवाला कर्मचारी हुन् ।

यसअघि उपराष्ट्रपति कार्यालयका बहालवाला सचिव टेकनारायण पाण्डे नक्कली भुटानी शरणार्थी काण्डमा मुछिएपछि पक्राउ परेका थिए । निलम्बित उनी हाल जेलमा छन् । तर, मुख्यसचिव पदमा बहाल छँदै भ्रष्टाचार मुद्दा सामना गर्ने उच्चपदस्थ कर्मचारी भने अर्याल नै हुन् । उनीसँगै १२ जनाविरुद्ध अख्तियारले आइतबार मुद्दा दायर गरेको छ ।

अख्तियारले उनीसँगै आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक रितेशकुमार शाक्य, उपमहानिर्देशक टंकप्रसाद पाण्डेय, निर्देशक गणेशविक्रम शाही, शाखा अधिकृत रवीन्द्रप्रसाद पौडयाल, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल, तत्कालीन निर्देशक सफल श्रेष्ठ, तत्कालीन खरिदबिक्री शाखाका शक्तिप्रसाद श्रेष्ठ, शाखा अधिकृत हरिबल्लभ घिमिरे, लेखा अधिकृत विष्णुप्रसाद गौतम र प्रिन्टसेल प्रालिका निर्देशक एवं सञ्चालक केशव शर्माविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

यसअघि आन्तरिक राजस्व विभागले सुरक्षण मुद्रण केन्द्रमा अन्तशुल्कको स्टिकर छाप्ने निर्णय गरी सम्झौता गरेको थियो । तर, सम्झौताविपरीत सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव छँदा अर्यालले तेस्रो पक्षलाई स्टिकर छाप्न दिएर अनियमितता गरेको अख्तियारको आरोप छ । स्टिकर छाप्ने कार्य निजी कम्पनीलाई दिनुलाई पनि अख्तियारले गलत भएको जनाएको छ । जबकि, अन्तशुल्क स्टिकर अति संवेदनशील र राष्ट्रको अर्थतन्त्रसँग प्रत्यक्ष सरोकार राख्ने विषय हो ।

विज्ञप्तिमा भनिएको छ, 'स्टिकरका लागि कागज र टोनर खरिद गरिसकेपछि आफ्नै मेसिनबाट स्टिकर छाप्नुपर्नेमा अरूलाई ठेक्का दिनु गलत भएको देखिएको छ ।' सुरक्षण मुद्रण केन्द्रले प्रिन्टसेललाई स्टिकर छाप्ने जिम्मेवारी दिएको थियो । त्यसबेला २० प्रतिशत रकम पेस्की दिएको थियो । स्टिकर छाप्न छ करोड ८४ लाख रूपैयाँ भुक्तानी भइसकेको थियो ।

(क्रमशः पृष्ठ ३ मा)

### अर्यालको त्यो किर्ते पत्र

भ्रष्टाचार आरोपमा मुछिएका मुख्यसचिव डा. वैकुण्ठ अर्याल प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पत्र किर्ते गरेको काण्डमा हालै मुछिएका थिए । किर्ते मुद्दा दायर हुने सम्भावनाबीच उनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको हो ।

मन्त्रिपरिषद् बैठकले गत २७ वैशाखमा 'डेडिकेटेड फिडर' तथा 'ट्रंक लाइन'को विद्युत् महसुलको विवाद समाधान गर्न भन्दै मन्त्रिपरिषद्को २४ पुस २०८० मा भएको निर्णयअनुसार गठित लाल आयोगले बुझाएको प्रतिवेदनअनुसारका राय सुझाव कार्यान्वयन गर्न ऊर्जा मन्त्रालयलाई पत्र पठाउन गरेको निर्णयलाई उनले किर्ते गरेको पत्र नै सार्वजनिक भएको थियो । पत्रमा प्रमाणीकरण मुख्यसचिव वैकुण्ठ अर्यालको थियो । सोही दिन उनले उक्त निर्णयसहितको पत्र ऊर्जासचिव सुशील तिवारीसमक्ष पठाएका थिए । सोही पत्रमा ऊर्जासचिव तिवारीले गत ४ जेठमा ऊर्जा महाशाखाको नाममा आका गर्ने भनी तोक आदेश गरेका थिए ।

यसपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट त्यस्तो पत्र ऊर्जा मन्त्रालयमा आएको थाहा पाएपछि नेपाल विद्युत् (क्रमशः पृष्ठ ३ मा)

सन्दर्भः वैदेशिक रोजगार

श्रम मन्त्रालयको वार्षिक कार्यक्रम र भावी कार्यदिशा

## सीपयुक्त वैदेशिक रोजगार प्रवर्द्धनदेखि विनाधितो ऋणसम्म

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममार्फत कार्यदिशा तय गरेको छ । जसमा सीपयुक्त वैदेशिक रोजगार प्रवर्द्धनदेखि रोजगारीका लागि विदेश जानेलाई विनाधितो सहुलियतपूर्ण ऋण उपलब्ध गराउने योजना समेटिएको छ ।




मन्त्रालयले साविकका कार्यक्रमलाई निरन्तरता दिँदै श्रम व्यवस्थापनलाई दीर्घकालीन प्रभाव पार्ने किसिमका नवीन योजनाहरू समावेश गरिएको जनाएको छ । जोखिमरहित र सीपयुक्त वैदेशिक रोजगारीलाई प्रवर्द्धन गरी मूलकभित्र उत्पादन, उत्पादकत्व र दीर्घकालीन रोजगारी सुनिश्चित गर्नेगरी कार्यदिशा तय गरिएको मन्त्रालयले उल्लेख गरेको छ ।

मन्त्रालयले आगामी वर्ष वैदेशिक रोजगारीलाई थप उपलब्धिमूलक र सुरक्षित बनाउन श्रम गन्तव्यको स्थानान्तरण गर्ने नीति लिएको छ । आगामी दुई वर्षभित्र विदेश जाने नेपालीलाई अनिवार्य सीपयुक्त जनशक्तिको रूपमा रूपान्तरण गर्ने उल्लेख गरेको छ । जसमा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले न्यूनतम सीप विकाससम्बन्धी तालिम लिएपश्चात् मात्र जान पाउने र न्यूनतम पारिश्रमिक कम्तीमा ५०० अमेरिकी डलरभन्दा कम नहुने सुनिश्चित गरी मात्र वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउने कार्यदिशा लिइएको छ ।

यसैगरी वैदेशिक रोजगारसम्बन्धी सेवालाई स्थानीय र कूटनीतिक नियोगसम्म विस्तार गर्न एउटै अनलाइन प्रणालीमा जोड्न फेइम्स सफ्टवेयरको स्तरोन्नति गर्ने बताइएको छ । मन्त्रालयले वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूका लागि विनाधितो सहुलियतपूर्ण ऋण उपलब्ध गराउने विषयलाई पनि प्रथमिकताका साथ उल्लेख गरेको छ । सहुलियतपूर्ण ऋणका कारण विदेश जाने नेपालीले चर्को ब्याजदरमा व्यक्तिसँग पैसा लिनुपर्ने आर्थिक भारबाट छुटकारा मिल्ने मन्त्रालयको बुझाइ छ । यसैगरी विनाधितो ऋण लिएर विदेश जाने नेपालीहरूलाई बैंकिङ प्रणालीबाट अनिवार्य रेमिटचान्स पठाउने व्यवस्था मिलाउनेगरी कार्ययोजना अघि सारेको छ । साथै वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको सामाजिक सुरक्षा कोषमा आबद्धता बढाउने लक्ष्यसमेत लिइएको छ ।

(क्रमशः पृष्ठ ३ मा)

### 'रिटर्नी उद्यमशीलता कार्यक्रम' कार्यान्वयनमा आउँदै छ : श्रममन्त्री



**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले विदेशबाट फर्किएकालाई नेपालभित्रै रोजगारीको अवसर सिर्जना गर्न 'रिटर्नी उद्यमशीलता कार्यक्रम' कार्यान्वयनको तयारी भइरहेको बताएका छन् । विनियोजन विधेयक, २०८१ को विभिन्न शीर्षकमाथि भएको छलफलका क्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतका शीर्षकमाथि उठेका प्रश्नको आइतबार प्रतिनिधिसभा बैठकमा जवाफ दिँदै श्रममन्त्री अर्यालले स्वदेशभित्रै रोजगारी सिर्जना गर्नेसँगै विदेशबाट फर्किएकालाई यही काम गर्ने वातावरण बनाउनेगरी सरकारले काम गरिरहेको दाबी गरे ।

'स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रमजस्ता विविध कार्यक्रम संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सञ्चालनमा आएका छन्,' श्रममन्त्री अर्यालले भने, 'वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजीलाई स्वदेशमै उपयोग गर्ने गरी रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको छ ।'

नेपाली नागरिकले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको सीप, पुँजी, प्रविधि र ज्ञानको उपयोग गर्दै उद्यमशीलता प्रवर्द्धनमार्फत उत्पादनशील रोजगारी र स्वरोजगार सिर्जना गर्नका लागि वैदेशिक रोजगारीवाट फर्किएका श्रमिकको पुनःएकीकरण परियोजना कोशी प्रदेश र मधेस प्रदेशका २० वटा स्थानीय तहमा कार्यान्वयन भइरहेको उनको भनाइ छ ।

नेपाली युवा रोजगारीका लागि बाध्यात्मकरूपले विदेसिनुपर्ने अवस्थालाई अन्त्य गर्न देशभित्रै मर्यादित काम तथा उत्पादनशील रोजगारी पाउने वातावरण

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बीट क्रमशः

# बजेटमाथि सत्तापक्षका...

उक्त दिनको बैठकमा आकस्मिक समयमा बारा जिल्लास्थित रामराजा मोहनविक्रम क्याम्पस प्रमुखको अज्ञात व्यक्तिबाट गोली हानी हत्या भएको घटनाको छानबिन हुनुपर्ने, खुला सीमाका कारण मधेसमा हत्याहिंसाका घटना बढ्दै गइरहेकाले प्रशासनले सीमापारको प्रशासनसँग समेत समन्वय गरी यस्ता घटना हुन नदिन आवश्यक पहल गर्नुपर्ने, दुग्ध किसानहरूले पाउनुपर्ने भुक्तानी तत्काल गर्नुपर्ने, मनसुन सक्रिय भइसक्दाममेत किसानले मल नपाएकाले अविलम्ब मलको व्यवस्था गर्नुपर्नेलगायतका विषयमा सांसदहरूले संसद्मार्फत सरकारको ध्यानाकर्षण गराएका थिए ।

असार ४ गते बसेको प्रतिनिधिसभा बैठकमा गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयको बजेटमाथि छलफल भएको थियो । उक्त बैठकमा सांसदहरूले वार्षिक विकास कार्यक्रम च्यात्ने, सभामुखमार्फत सरकारलाई फिर्ता गर्ने, रोस्ट्रममै मौनधारण गर्नेलगायतका शैलीमा बजेटमाथि असन्तुष्टि जनाएका थिए । प्रतिपक्ष दलका सांसदहरू मात्र नभई सत्तापक्षकै सांसदहरूले पनि विनियोजन विधेयकमाथि आक्रोश र असन्तुष्टि पोखेका थिए ।

सरकारमा रहेका केही मन्त्रीको निर्वाचन क्षेत्रमा धेरै बजेट परेको तर अति आवश्यक भएका क्षेत्रमा बजेट नपरेको, स्रोतको आँकलनविनै जथाभावी बजेट बाँडिएको, सरकार आफैंले तयार पारेको आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को विपरीत हुनेगरी सानो रकमका आयोजना पनि संघीय बजेटमा परेकोलगायतका विषय संसद्मा उठेका थिए । त्यस्तै, शक्ति र पहुँचका आधारमा बजेट बाँडिएको, ठूलो संख्यामा टुक्रे आयोजना बजेटमा हालिएको, आयोजना प्राथमिकीकरणविनै जथाभावी बजेट बाँडिएकोलगायतका असन्तुष्टि सांसदहरूबाट आएको हो ।

असार ४ गतेको बैठकमा विनियोजन विधेयकका विभिन्न शीर्षकमाथिको छलफलका क्रममा आफ्नो असन्तुष्टि जनाउँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष एवं प्रतिनिधिसभा सांसद राजेन्द्रप्रसाद लिङ्देनले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आगामी आर्थिक वर्षको वार्षिक विकास कार्यक्रम पुस्तिका च्यातेका थिए भने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूले रोस्ट्रममै मौनधारण गरेका थिए । सांसद ज्ञानबहादुर शाहीले बजेटमा कर्णालीलाई उपेक्षा गरिएको भन्दै र सांसद तेजुलाल चौधरीले आफ्नो निर्वाचन क्षेत्रमा एउटा पनि योजना नपरेको भन्दै सभामुखमार्फत सरकारलाई रातो किताब फिर्ता गरे ।

प्रतिपक्षबाट मात्र नभई सत्तापक्षबाट पनि बजेट र वार्षिक विकास कार्यक्रम माथि चर्को विरोध भएको छ। अधिकांश सांसदहरूले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आगामी आर्थिक वर्षको बजेट र वार्षिक विकास कार्यक्रमप्रति रोष व्यक्त गरेका थिए । सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी एमालेका सांसद सूर्यबहादुर थापा क्षेत्रीले बजेट असन्तुलित रहेको बताए । 'बजेटमा सन्तुलन छैन । आवश्यकता आधारित छैन । पक्षपातपूर्ण छ र मन्त्रीमुखी छ,' उनले भने, 'बजेट विनियोजनमा आफ्नो हात जगन्नाथ भएको छ । जसले बनायो त्यसलाई मात्रै धेरै विनियोजन भएको छ ।'

एमालेकै अर्का सांसद गोकुलप्रसाद बास्कोटाले बजेट कनिका छरेसरह छरपष्ट र अव्यवस्थित रहेको टिप्पणी गरे । बजेट पहुँच र शक्तिका आधारमा विनियोजन भएको भन्दै उनले १५औं पञ्चवर्षीय योजनाका लक्ष्य पूरा गर्ने र १६औं पञ्चवर्षीय योजनाको लक्ष्य भेट्टाउने खालको बजेट आएको छ वा छैन भनेर प्रश्न गरे । उनले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी अभिवृद्धि, समृद्ध नेपाल : सुखी नेपाली राष्ट्रिय चाहना पूरा गर्ने गरी बजेट सच्याइनुपर्ने माग राखे ।

सत्तारुढ दल नेकपा माओवादी केन्द्रका सांसद सुदन किरातीले बजेट संघीयताको भावनाविपरीत र असन्तुलित रहेको भन्दै आलोचना गरे । 'दुःखका साथ भन्नुपर्छ संघीयताविपरीत र असन्तुलित बजेट आएको अब स्पष्ट हुँदै गएको छ । संघीयताको वकालत गर्ने प्रधानमन्त्री रहेका बेला बदनाम गर्ने र असफल बनाउन योजनाका साथ बजेट आएको पो हो कि ?,' सांसद किरातीले प्रश्न गरे । माओवादी केन्द्रका अर्का सांसद माधव सापकोटाले विनियोजन विधेयक तयार पार्दा उचित विधि र पद्दतिको अबलम्बन हुन नसकेको बताए । 'अर्थतन्त्र बिरामी छ । यसलाई कसरी सुधार गर्ने भन्ने स्पष्ट खाका बजेटमा छैन,' उनले भने, 'एउटै ठाउँमा धेरै बजेट हालिएको छ । विनियोजनमा चुनौती देखिएजस्तै कार्यान्वयनमा पनि चुनौती छ ।'

अर्को सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद शिशिर खनालले नवसामन्तवादको झल्को दिनेगरी आगामी आर्थिक वर्षको बजेट आएको धारणा संसद्मा राखे । 'आधुनिक लोकतन्त्रको सर्वमान्य सिद्धान्त भनेको जनप्रतिनिधिले सीमित स्रोतको विवेकपूर्ण, निष्पक्ष र न्यायोचित वितरण हुन्छ भन्ने हो । तर पछिल्लो दुई वर्ष संसद्मा बसेर हेर्दा हामीले नागरिकलाई न्याय गरेका हौं भन्नेमा शंका लाग्न थालेको छ,' उनले भने, 'चालु आर्थिक वर्षको बजेटमा नुवाकोट, सल्यान, डडेलधुरा, गोरखामा बढी केन्द्रित थियो भने आगामी आवको बजेट रोल्पा धनुषा, गोरखा र झापामा केन्द्रित देखिएको छ । कुनै व्यक्ति विशेष, सांसद वा मन्त्रीको निर्वाचन क्षेत्रमा राज्यको स्रोत परिचालन गर्नु भनेको नवसामन्तवादको नयाँ स्वरूप होइन र ?'

सरकारले निश्चित मापदण्ड तयार पारेर बजेट ल्याउन नसकेको आरोप सांसदहरूबाट आएको थियो । मानव विकास सूचकांकको विश्लेषण, गरिबीको अवस्था, जनसंख्या, भूगोललगायतका विषयलाई हेरेर बजेट आउनुपर्नेमा त्यसो हुन नसकेको आरोपसमेत सांसदहरूले सरकारमाथि लगाएका थिए । त्यस्तै, समपूरक र विशेष अनुदान शीर्षकमा जथाभावी आयोजना छनोट गरिएको, एउटा आयोजना नसकिँदै अर्को आयोजनामा बजेट माग गर्ने गरेको, तजबिजीमा योजना छनोट हुने गरेकोलगायत समस्या रहेको सांसदहरूले उल्लेख गरेका थिए ।

प्रतिनिधिसभाको असार ५ गतेको बैठकमा युवा तथा खेलकुद मन्त्रालयको विभिन्न शीर्षकमाथिको छलफल चलेको थियो । उक्त मन्त्रालयको आगामी आवको बजेटमाथि चारवटा खर्च कटौतीका प्रस्ताव आएका छन् । युवालाई स्वदेशभित्रै रोजगारी सिर्जना गर्ने गरी बजेट आउन नसकेको तथा खेलकुद पूर्वाधार निर्माणलाई बजेटले प्राथमिकतामा राख्न नसकेको गुनासो सांसदहरूको थियो । आकस्मिक समयमा दुग्ध किसाले भुक्तानी नपाएको, कवाडी व्यवसायी आन्दोलित भएको, क्रसर तथा खानी व्यवसायीहरू आन्दोलित भएकोलगायतका विषयमा सांसदहरूले संसद्मार्फत सरकारको ध्यानाकर्षण गराएका थिए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वार्षिक विकास कार्यक्रममाथि उठेका प्रश्नको स्वास्थ्यमन्त्री प्रदीप यादवले जवाफ दिएका थिए । नागरिकको मौलिक हकका रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा र विशिष्टीकृत सेवा सबल बनाउन मन्त्रालय दत्तचित्त भएर काम गरिरहेको उनको भनाइ थियो । 'पछिल्ला वर्षमा स्वास्थ्य सेवाको पहुँच बढिरहेको छ । भौतिक पूर्वाधार निर्माणमा केही काम भए पनि पर्याप्त नभएकाले यो वर्ष तीव्रताका साथ मन्त्रालय काम गर्न दृढ छ । जटिल रोगका उपचार र सरकारी अस्पतालमा विशेषज्ञ सेवा विस्तारका लागि मन्त्रालय नयाँ जोसका साथ अघि बढेको छ,' स्वास्थ्यमन्त्री यादवको जवाफ थियो ।

असार ६ गतेको प्रतिनिधिसभा बैठकमा विनियोजन विधेयक, २०८१ माथि उठेका विषयमा सम्बन्धित मन्त्रालयका मन्त्रीहरूले जवाफ दिएका थिए । विनियोजन विधेयकमाथिको छलफल चलिरहेको बेला प्रधानमन्त्री पुष्पकमल दाहालले पनि सांसदका प्रश्नको जवाफ दिएका थिए । उनले आफ्नो पछिल्लो भारत भ्रमण, सहकारी प्रकरण एवं अन्य समसामयिक राजनीतिक विषयमा सांसदहरूले राखेको जिज्ञासाको जवाफ दिए ।

उनले संविधानविपरीत धार्मिक तथा सामाजिक सद्भाव बिगार्ने र साम्प्रदायिकता फैलाउने गतिविधिको नियन्त्रणका लागि जस्तोसुकै उपाय अपनाउन सरकार तयार रहेको स्पष्ट पारेका थिए । साथै, देशभरका सहकारीसम्बन्धी उजुरी र गुनासो संकलन एवं विश्लेषण गरी समस्याग्रस्त अवस्थाको पहिचान गर्न एक उच्चस्तरीय जाँचबुझ समिति गठन गर्ने प्रक्रिया अघि बढेको प्रधानमन्त्री दाहालको भनाइ थियो । राजदूत नियुक्ति प्रक्रियालाई थप व्यवस्थित र मर्यादित बनाउने पनि प्रधानमन्त्री दाहालले धारणा राखेका थिए ।

त्यस्तै विनियोजन विधेयकमाथि आफ्नो मन्त्रालयसँग जोडिएका विषय र सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योग क्षेत्रको विकासका लागि नीतिगत स्थायित्व तथा लगानीमैत्री वातावरण निर्माण गर्न मन्त्रालय क्रियाशील रहेको तथा आगामी आर्थिक वर्षको बजेटले पनि यिनै कुरालाई मुख्य प्राथमिकतामा राखेको बताए । औद्योगिक पूर्वाधार विकास कार्यक्रमअन्तर्गत औद्योगिक क्षेत्र, औद्योगिक ग्रामलगायत पूर्वाधार निर्माणको कामलाई बजेटले प्राथमिकतामा राखेको उनको भनाइ थियो ।

त्यस्तै नेपाल सरकारको प्रवक्तासमेत रहेकी सञ्चारमन्त्री शर्माले सरकार पूर्ण प्रेस स्वतन्त्रता र निष्पक्ष पत्रकारिताको पक्षमा प्रतिबद्ध रहेको बताइन् । उनले राससको सेवालाई २४ घण्टा सञ्चालन गर्ने तथा विभिन्न मातृभाषामा सेवा दिने तयारी भइरहेको जानकारी दिएकी थिइन् । ती दिनहरूमा जनताका मुद्दा र मुलुकका अन्य विषयहरूमासमेत सांसदहरूले असाध्यै महत्त्वका साथ विषयलाई सदनमा प्रवेश गराएका थिए । यसले जनताको माग सम्बोधन गर्ने उपयुक्त थलो भनेकै संसद् हो भन्नेसमेत स्थापित भएको छ । *रासस*

# रिटर्नी उद्यमशीलता...

सुनिश्चित गर्ने उद्देश्यका साथ तीनवटै तहका सरकार एवं निजी क्षेत्र र सरोकारवालाको सहभागितामा श्रमाधान रोजगार मेलाको पहिलो चरण सातैवटा प्रदेशमा सम्पन्न भएको श्रममन्त्री अर्यालले जानकारी दिए । श्रमिकलाई थप आर्थिक भार तथा बोझ दिनेगरी विगतमा भएका निर्णय तथा जारी भएका कार्यविधिको असर तथा प्रभाव अध्ययन गरी विभिन्न कार्यविधि तथा निर्णयको खारेजी, स्थगन र परिमार्जन गरिएको उनको भनाइ छ ।

सीप विकास, उद्यमशीलता, आप्रवासन सेवा, रोजगार सेवालगायत सबै प्रकारका श्रम तथा रोजगार सेवा स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाट एकद्वार र एकीकृतरूपमा प्रदान गर्नेगरी कानुन निर्माण भएको अर्यालले बताए । एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय तहबाट नै श्रम र रोजगारसम्बन्धी सेवा एकीकृतरूपमा प्रवाह भइरहेको उनले बताए ।

वैदेशिक रोजगारीसम्बन्धी सूचना तथा परामर्श प्रदान गर्ने कार्यलाई आगामी आर्थिक वर्षदेखि सबै जिल्ला र स्थानिय तहमा विस्तार गर्ने योजना सरकारको छ । साथै, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, पहुँचयोग्य बनाउने उद्देश्यले व्यक्तिगत र पुनःश्रम स्वीकृतिसम्बन्धी सहजीकरण सेवा सबै स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत हुने व्यवस्था गरिएको श्रममन्त्री अर्यालले बताए ।

'वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु हुने मृतकका परिवारलाई दिइने क्षतिपूर्तिबापतको रकम सात लाखबाट बढाई १० लाख हुने गरी प्रस्ताव गरिएको छ । अंगभंग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता तथा छात्रवृत्तिसम्बन्धी सेवालाई समेत अनलाइनमार्फत प्रदान गर्ने व्यवस्था मिलाइएको छ,' उनले बताए । वैदेशिक रोजगारीको सन्दर्भमा हुने ठगीलगायतका गुनासा र श्रमाधान कल सेन्टरमा प्राप्त भएका सबै प्रकारका गुनासा समयमै सम्बोधन गर्ने व्यवस्था गरिएको उनले जानकारी दिए ।


## बोलपत्रद्वारा गैहकाष्ठ वन पैदावार लिलाम बिक्रीको सुचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/१०**

यस दुर्गा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको लट नं. १ को बेत बण्डल थान २६५ को ४,४९९.०० किलोग्राम तथा लट नं. २ सिकाकाई फल बोरा थान १५ को ४००.०० किलोग्राम जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । लट नं. १ को बेतको हकमा बेतबांस फर्निचर उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न हुन तथा लट नं. २ को सिकाकाई फलको हकमा कानून बमोजिम जडिबुटी व्यवसाय उद्योग दर्ता भई संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न हुन आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री दुर्गा सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका-१ दुर्गानगर बर्दिया**

## खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/१०**

प्रजातन्त्र माध्यमिक विद्यालयको नाममा दर्ता रहेको जग्गाबाट उत्पादन भई हतुवागढी गाउँपालिका वडा नं. ७, पात्लेपानीमा घाटगद्दि गरि राखिएको खयर जातको पलाँस सहितको ५९८.९७ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित तथा डि.व.का. मा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस विद्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस विद्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**प्रधानाध्यापक**
**श्री प्रजातन्त्र माध्यमिक विद्यालय**
**हतुवागढी गाउँपालिका वडा नं. ६, भोजपुर**

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ३१७/०५९/०६० यस **Kailash International Manpower Pvt. Ltd.** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी विरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| नाम | नागरिकता नम्बर | पद |
|---|---|---|
| गंगा तामाङ | ०५८/११५०२१ | म्यानेजर |
| राजेन्द्र बस्नेत | ८१२०३ | लेवर रेप्रेजेन्टेटिभ |
| प्रविन कुमार गुरुङ | २५३३ | पि.आर.ओ |
| हरीराज पाठक | २५१०५६/१४/४६८५६ | डकुमेन्टेशन |
| पुनम गुरुङ | ०५५/२२५३ | रिसेप्सनिस्ट |

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.** श्रम इजाजत नं. ३१७/०५९/०६०
सामाखुसी-२६, काठमाडौं। फोन नं.: ४९५७७३४, ४८८९५५२, ४८८३९८८,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np

## काठ/दाउरा बोलपत्र लिलाम बिक्रीको सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति :२०८१/०३/१०**

वनशक्ति सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समुहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा रहेको लट नं. २ को साल गोलिया काठ ६७१.५० घ.फि., असना गोलिया काठ ३१२.२७ घ.फि., जामुन गोलिया काठ २७.२७ घ.फि., बाँझी गोलिया काठ ४५.०४ घ.फि. र खमारी गोलिया काठ ८४.१० घ.फि. जे जस्तो छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ वमोजिम सुचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्रह) दिन भित्र प्रत्येक उक्त लटको सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**जीतपुर सिमरा उ.म.न.पा. वडा न. २२, चक्करी, वारा**

## Royal Kathmandu Himalaya Beverage Pvt.Ltd.


Sanga, Kavre

**(Effective From : 2081/03/09)**

Vat no.304502613
Excise no. 304502613-69-50955

| S.N. | Brand Name | Packaging | Ex. FY. Rate | Excise | VAT | Stoklist Price | RD Price | Dealer Price | W/S Price | Retail Price | MRP. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Perfect Fruit Red Sweet Wine/ Grape Sweet White Wine | 24*375ml | 4,534.40 | 2,691.00 | 940.47 | 8,174.87 | 8,787.98 | 9,227.38 | 9,827.16 | 10,318.52 | 475.00 |


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार १० गते २०८१, सोमबार

| | |
|---|---|
| मेष | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| वृष | कुनै कुराले मनलाई प्रसन्नता दिलाउनेछ । |
| मिथुन | विभिन्न कुनै कुराले व्यस्त भइनेछ । |
| कर्कट | महिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| सिंह | शरीरमा थकानको मात्रा बढ्न सक्छ । |
| कन्या | कुनै कुरामा पनि नहतारिनु उपयुक्त रहनेछ । |
| तुला | सहज ढंगले काम सक्ने प्रयास हुनेछ । |
| वृश्चिक | इच्छाएबमोजिम आफूलाई प्रस्तुत गरिनेछ । |
| धनु | शंकालु मनले आफैंलाई दुःख दिनेछ । |
| मकर | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| कुम्भ | समयअनुसार काममा ध्यान दिइनेछ । |
| मीन | कुनै आर्थिक काममा संलग्न हुनुपर्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार १० गते, २०८१, २४ जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.४० | १३४.०० |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.०३ | १६९.७९ |
| स्विस फ्रैन्क | १ को | १४९.५२ | १५०.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८८.०८ | ८८.४७ |
| क्यानाडियन डलर | १ को | ९७.०८ | ९७.५२ |
| सिंगापुर डलर | १ को | ९८.६१ | ९९.०६ |
| जापानी येन | १० को | ८.४६ | ८.५० |
| चिनियाँ युआन | १ को | १८.३८ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५५ | ३५.७१ |
| कतारी रियाल | १ को | ३६.५९ | ३६.७५ |
| थाई भाट | १ को | ३.६३ | ३.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३२ | ३६.४८ |
| मलेसियन रिङ्गेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७० |
| स्विडिस क्रोनर | १ को | १२.६६ | १२.७२ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३४.८३ | ४३६.७८ |
| बहराइन दिनार | १ को | ३५३.९३ | ३५५.५२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

पृष्ठ १ बीट क्रमशः

## मुख्यसचिव अर्यालसहित...

यसबाहेक स्टिकर ठेक्का दिँदाको समग्र रकम दुरूपयोग भएको भन्दै अख्तियारले ३८ करोड ६७ लाख भ्रष्टाचार भएको दाबी गरेको हो । अर्यालले सञ्चार मन्त्रालयको सचिव रहेकै बेला सुरक्षण मुद्रण विकास समितिका सात जना सदस्यले निर्णय गर्नुपर्नेमा उनीहरूको अधिकार हरण गर्दै केन्द्रको नीति, बजेट र कार्यक्रम स्वीकृत गराएको अख्तियारले आरोपपत्रमा उल्लेख गरेको छ । योजना छनोटको सामान्य प्रक्रिया पनि पूरा नगरी केन्द्रमा ठूलो रकम विनियोजन गरेको पनि अख्तियारको आरोप छ । सोहीअनुसार केन्द्रले अन्तशुल्क स्टिकर छाप्ने काम अघि बढाउने भन्दै प्रिन्टर आयात गरेको थियो ।

अख्तियारको दाबीमा अर्यालले अर्थ मन्त्रालयमा अतिरिक्त बजेट र थप दुई वर्षका लागि गरी २३ अर्ब ६३ करोड रूपैयाँको स्रोत सुनिश्चितताका लागि पत्राचार गर्ने निर्णय गरेका थिए । यो २४ भदौ २०७८ को प्रसंग हो । 'चालु आर्थिक वर्षमा सुरक्षण मुद्रण भवन निर्माणको कार्य सुरु गर्नुपर्ने र अन्तशुल्क स्टिकरलगायतका सुरक्षण मुद्रण गर्न सम्भव हुने भन्ने प्राविधिक भनाइ रहेकाले तपसिलबमोजिमको बजेट व्यवस्थापन गरिदिनका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने,' अर्यालको निर्णयमा उल्लेख छ ।

त्यही वर्ष उनी नेतृत्वको सञ्चार मन्त्रालयले थप २७ अर्ब रूपैयाँ सेक्युरिटी प्रिन्टिङ प्रेसका लागि भन्दै माग गर्ने निर्णय गरेको थियो । त्यसमध्ये तीन अर्ब ३० करोड उच्चस्तरीय सुरक्षासहितको डिजिटल प्रिन्टिङ प्रेस र उपकरणका लागि चाहिने भनिएको थियो । उनै अर्यालले सुरक्षण मुद्रण केन्द्रको मेसिनरी औजारका लागि भन्दै थप चार अर्ब ७२ करोड रूपैयाँ मागेको पनि थियो ।

त्यसपछिका दुई वर्षमा नौ अर्ब ४५ करोड रूपैयाँका दरले रकम माग गरेको थियो । यसरी कूल २६ अर्ब ९३ करोड रूपैयाँ मागिएको थियो । तर, मागेजति बजेट व्यवस्थापन अर्थ मन्त्रालयबाट भएन । यसपछि सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेलले २०७८ को पुसमा सञ्चार मन्त्रालयमा पत्र पठाइ केन्द्र स्थापना गर्न ३३ अर्ब २ ९ करोड लाग्ने भएकाले स्रोत सुनिश्चितता मागेका थिए । प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्री जनार्दन शर्मा भएका बेला अर्थले स्रोत सुनिश्चित गरेको थियो । तर, १० पुस २०७९ मा अर्थमन्त्रीका रूपमा एमाले सांसद विष्णु पौडेल नियुक्त भएपछि भने स्रोत सुनिश्चित गर्ने शर्माको निर्णय खारेज गरिदिएका थिए ।

उनै अर्यालले कानुनले नदिएको अधिकार प्रयोग गरेको र कार्यकारी निर्देशकलाई गैरकानुनी कामकारबाही गर्न प्रत्यक्ष सहयोग गरेको आरोप अख्तियारको छ । मिलेमतोमा टेण्डर स्वीकृत गरेको भन्दै अख्तियारले अन्तशुल्क स्टिकरको ठेक्काबाट राज्यकोषमा नोक्सानी पुर्‍याएको पनि दाबी छ ।

आन्तरिक राजस्व विभागले अन्तशुल्कका स्टिकर छाप्न सुरक्षण मुद्रण केन्द्रलाई जिम्मा दिने निर्णय गरेकोमा केन्द्रले फेरि प्रिन्ट सेल नामक कम्पनीलाई ठेक्का दिएको हो । त्यसबेला प्रतिस्टिकर ९० पैसाका दरले ४३ करोड ३२ लाख स्टिकर छाप्न ३८ करोड ६७ लाख रूपैयाँको ठेक्का सम्झौता भएको थियो । त्योमध्ये अग्रिमरूपमा छ करोड ८४ लाख रूपैयाँ भुक्तानी भइसकेको छ ।

विभागले अन्तशुल्क लाग्ने उपभोग्य वस्तुको उत्पादनमा अन्तशुल्क लगाउने गर्छ । उत्पादक कम्पनीहरूले कर तिरेपछि स्टिकर पाउँछन् र ती स्टिकर आफ्नो उत्पादनमा टाँस्नुपर्छ । यही प्रकरणमा अर्यालविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको हो । अर्याल हेर्दा शान्त र इमान्दार छविका कर्मचारी देखिन्छन् । तर, ३१ वर्षे जागिरयात्राका क्रममा दर्जन बढी भ्रष्टाचारकाण्डमा उनको नाम जोडिएको स्रोतले जनाएको छ । जसबारे अख्तियारले अनुसन्धान गरिरहेको छ ।

गैरकानुनी सम्पत्ति आर्जन, राष्ट्रिय सूचना प्रविधि केन्द्रले स्थापना गर्न खोजेको पेमेन्ट गेट-वे प्रणाली, टेरामक्स, मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस)लगायत काण्डमा पनि उनी मुछिएका छन् । नेपाल टेलिकमको अनियमितता, इन्टरनेट सेवा प्रदायक (आइएसपी)हरूको राजस्व छुटसम्बन्धी निर्णयमा पनि उनी मुछिएका थिए ।

वाणिज्यसचिव हुँदा वीरगञ्जको सुख्खा बन्दरगाह सञ्चालनको विषयमा भ्रष्टाचार भएको र स्मार्ट सेलसँगै राजस्व बक्यौतालगायतका विषयमा पनि उनीमाथि अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ । अर्याल २०४६ सालमा नासुबाट निजामती सेवा सुरु गरेर २०४९ मा शाखा अधिकृत बनेका थिए । २०५६ सालमा उपसचिव र २०६६ सालमा सहसचिव भएका थिए । पछि उनी सचिव भए । उनै अर्याललाई दाहाल सरकारले ३२ जेठ, २०८० मा मुख्यसचिव नियुक्त गरेको थियो । उनलाई मुख्यसचिव नियुक्त गर्नुअघि तत्कालीन सचिव शंकरदास बैरागीलाई राजीनामा दिन लगाइएको थियो ।

## अर्यालको त्यो...

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ झस्किएको स्रोतले जनायो । उनले ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतसमक्ष हारगुहार गरे । लाल आयोगको सुझाव कार्यान्वयन गरिए अप्ठ्यारो पर्ने भन्दै उनले प्रधानमन्त्री दाहाललाई भेटी मन्त्रिपरिषद् बैठकको निर्णय सच्याउन आग्रह गरेको स्रोतको दाबी छ ।

लगत्तै दाहालले मुख्यसचिव अर्याललाई बोलाएर मन्त्रिपरिषद् बैठकबाट भएको अघिल्लो निर्णय काट्नेगरी अर्को निर्णय गर्नुभन्दा पहिले पठाइएको पत्र निकालेर त्यस ठाउँमा संशोधित पत्र राख्न भनेका थिए । सोहीअनुसार अर्यालले अर्को पत्र तयार पारेका थिए । जहाँ पहिलेको सक्कली पत्रमा तिथिमिति जे-जे थियो, उही थियो । निर्णय भने भिन्नै थियो । उक्त पत्रमा पनि ऊर्जासचिव तिवारीले तोक आदेश गरेका थिए ।

पत्रमा नेपाल सरकारको निर्णय भनिएको ठाउँमा डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत् महसुलको विवाद समाधानको लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०-९-२४ को निर्णयबमोजिम गठित जाँचबुझ आयोगले नेपाल सरकारसमक्ष पेस गरेको प्रतिवेदनमा उल्लिखित राय सुझावहरू देहायबमोजिम गर्नेगरी कार्यान्वयन गर्ने भनी तीन बुँदा छ ।

जहाँ पहिलो बुँदामा विवादमा रहेको प्रथम अवधि (२०७२ साउनदेखि २०७२ पुससम्म)मा लोडसेडिङ कायम रहेको भए पनि सो अवधिको महसुल निर्धारण तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले गरेको नदेखिएको तर यस सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अदालतबाट अन्तिम फैसला भएबमोजिम हुनेगरी हाललाई उक्त अवधिको डेडिकेटेड तथा ट्रंक लाइनबापतको थप महसुल नलिने भनिएको छ । यसरी मुख्यसचिव अर्याल किर्ते प्रकरणमा जोडिएकै बेला भ्रष्टाचार मुद्दा दायर भएको हो ।

## सीपयुक्त वैदेशिक...

वैदेशिक रोजगारीको क्षेत्रलाई फराकिलो पार्न र रेमिटचान्सको वृद्धिका लागि वैदेशिक रोजगारीका नयाँ गन्तव्य मुलुक पहिल्याउने, उनीहरूसँग श्रम सम्झौता/समझदारी गर्ने मन्त्रालयले आफ्नो कार्यक्रममा समेटेको छ । साथै श्रम सम्झौता भएका मूलकहरूसँगको सम्झौतालाई अद्यावधिक गर्ने र नेपाली श्रमिकको श्रम गन्तव्यको स्थानान्तरण गरी थप सुरक्षित र उपलब्धिमूलक मुलुकमा पठाउने गरी नीतिगत व्यवस्था मिलाउने उल्लेख गरिएको छ ।

मन्त्रालयले आन्तरिक रोजगारी प्रवर्द्धनमा पनि योगदान पुर्‍याउनेगरी कार्यक्रम तय गरेको छ । जसमा वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजीको स्वदेशमै उपयोग गर्न रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने बताएको छ । यसका लागि मन्त्रालयले सीप विकास र उद्यमशीलतासँग आबद्धता कायम गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनः संरचना गर्ने भएको छ । रोजगार बैंकको रूपमा काम गर्ने गरी राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली (नेमिस)को स्थापना र सञ्चालन गर्ने नीति लिएको छ भने तीन तहको सरकार र निजी क्षेत्रसँगको सहकार्यमा श्रमाधान रोजगार अभियानलाई निरन्तरता दिने उल्लेख गरिएको छ ।

सामाजिक सुरक्षा कोषको दायरा विस्तार गर्दै अनौपचारिक क्षेत्रमा कार्यरत कामदारलाई औपचारिकीकरणको प्रक्रियामार्फत सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउने मन्त्रालयको आगामी कार्यदिशा रहेको छ । आन्तरिक रोजगार प्रवर्द्धनमा टेवा दिन महाशाखा गठन गर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रमका कार्यहरूलाई प्रस्तावित महाशाखामार्फत निरन्तरता दिनेगरी संगठन तथा व्यवस्थापनसम्बन्धी सर्वेक्षण भइरहेको मन्त्रालयले उल्लेख गरेको छ ।


### माइग्रेसन हराएको सूचना

मितिः २०८०/०६/०९ गते नयाँ बानेश्वरदेखि जडिबुट्टीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : शिव खड्का
रजिस्ट्रेसन.नं.: ७७२७२९५३ A
सिम्बोल.नं.: २२७०७७९५
ठेगाना.: मधुवन-९, बर्दिया
सम्पर्क: ९८१२४१२४७२

### अधिकृत वारेसनामा बदरको सूचना

प्रमोद शमसेर राणाको नाति कृष्ण शमसेर राणाको छोरा का.जि.का.म.न.पा.वडा नं.१ नक्साल बस्ने वर्ष ४२ को लेखराज शमसेर राणा (नागरिकता नं.१६८०४ मिति २०५३।६।२१ जि.प्र.का.काठमाण्डौ) ले विभिन्न व्यक्तिका उपर विभिन्न कार्यालय र अदालतमा गर्नुपर्ने निवेदन कारवाही लगायत सम्पूर्ण मुद्दा मामिला र म उपर आई पर्ने सम्पूर्ण मुद्दा मामिलाको लागि निवेदन उजुरी फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, दावी फिर्ता, रीट निवेदन, लिखित जवाफ र मिलापत्र समेत गर्नको लागि भोला सिंहको नाती नत्थु सिंहको छोरा चितवन जिल्ला भरतपुर न.पा.वडा नं.१२ बस्ने मेरो सहोदर मामा वर्ष ६५ को अरुणेन्द्र सिंह (नागरिकता नं.७११६ जारी भएको वर्ष २०३७।७।१० जि.प्र.का.चितवन) लाई मिति २०७७ साल चैत्र महिना २४ गते रोज ४ मा श्री काठमाण्डौ जिल्ला अदालतबाट अधिकृत वारेसनामा गरिदिएकोमा आजैका मितिबाट उक्त वारेसनामा बदर गरिएको हुँदा सो को प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१)(ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

–लेखराज शमसेर राणा

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/१० गते)

लालकाजी श्रेष्ठको नाति, पदम बहादुर श्रेष्ठको छोरा, लक्ष्मी माया श्रेष्ठको पति पर्सा जिल्ला, ठोरी गा.पा. वडा नं ०४ (साविकः निर्मलबस्ती गा.वि.स. वडा नं. ०७, पर्सा बस्ने निर बहादुर श्रेष्ठको मिति २०८०/११/२४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको जितपुर बारा शाखामा रहेको बचत खाता नं.१०००२६५६२८३००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय जितपुर, बारामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय जितपुर, बारा फोन नं. ०५३-४१२२७५/७६

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/१० गते)

रगं बीर वि.क.को नाति, हर्क बहादुर वि.क.को छोरा आइती माया वि.क.को पति पर्सा जिल्ला, ठोरी गा.पा. वडा नं ०४ (साविकः निर्मलबस्ती गा.वि.स वडा नं. ०७, पर्सा बस्ने मान बहादुर वि.क.को मिति २०८०/०८/०२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको जितपुर बारा शाखामा रहेको बचत खाता नं.१०००२६४५३५२००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय जितपुर, बारामा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय जितपुर, बारा फोन नं. ०५३-४१२२७५/७६

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/१०

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलित खयर गोलिया २३६.७६ क्यू.फि. (स्यापउड सहित) काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

श्री थाकलडाँडा सा.व.उ.स., रामपुर-२, पाल्पा




स्व. प्रदिता राजकर्णिकार

तिमीलाई जहाँ भेट्थे
अचेल त्यहाँ छैनौं तिमी
कोठा, चोटा, बैगल, भुतु र
पूजा कोठामा खोंजे
तिमीलाई जहाँ भेट्नु पर्ने हो,
त्यहाँ थियनौं
तिमी बगैचाको एउटा कुनाको
गुलाफमा भेटे तिमीलाई ।

जन्मः २०२१/०२/०१ स्वर्गारोहणः २०८१/०१/३०

# हार्दिक आभार

हाम्री प्राणप्रिया एवम् राजकर्णिकार परिवारकी प्रियता स्व. प्रदिता राजकर्णिकारको स्वर्गबास भएको ४५ औं पुण्यतिथीको आजको दिन हामी दिवंगत आत्माको चिर शान्तिको लागि भगवान सँग प्रार्थना गर्दछौं । साथै हामीलाई यस दुखद घडीमा साथ, सहयोग, सदभाव र समवेदना प्रदान गर्नुहुने सबै आफन्तजन र शुभचिन्तकहरूमा हार्दिक आभार प्रकट गर्दछौं ।

भाष्कर राज राजकर्णिकार
समृद्धि राजकर्णिकार तथा
राजकर्णिकार परिवार

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नदी सफाइ अभियानमा साथ दिऔं

'बागमती सफाइ महाअभियान' विगत ११ वर्षदेखि चर्चामा रहेको छ । पूर्वमुख्यसचिव लिलामणि पौडेलको नेतृत्वमा २०७० जेठ ५ गते सुरु भएको यो अभियानको मूल उद्देश्य बागमतीलाई सफा बनाउनु हो । महाअभियानअन्तर्गत हरेक हप्ताको शनिबार बागमती नदीको सफाइ गरिँदै आएको छ । महाअभियानले ५८० हप्ता पार गरिसकेको छ । तर, महाअभियानबाट अपेक्षित उपलब्धि भने हासिल भएको देखिँदैन । बागमती नदीको अवस्थामा सामान्यबाहेक ठूलो परिवर्तन आएको छैन ।

बागमतीमात्रै होइन, उपत्यकाका सबै नदी फोहोर युक्त बनेका छन् । बढ्दो सहरीकरणले नदीलाई प्रदूषित बनाएको हो । उपत्यकाका नदी किनारबाट हिँड्दा नाक थुनेर हिँड्नुपर्ने अवस्था छ । यसको मुख्य कारण नदीमा ढल मिसाउनु तथा अन्य फोहोर नदीमै फाल्नु हो । स्थानीयवासीको जागरुकता कम हुँदा तथा लापारवाहीका कारण नदी सफाइले अपेक्षित नतिजा हासिल गर्न नसकेको जानकारहरू बताउँछन् ।

यहीबीच काठमाडौं महानगरपालिकाले यहाँका नदीहरूको सफाइ सुरु गरेको छ । वातावरण विभागअन्तर्गतका ५५ जना कर्मचारीको समूहले रुद्रमती (धोबीखोला), कपनको खहरे र बालाजु क्षेत्रबाट बग्ने भचाखुसी सफाइ गरिसकेको छ । सफाइ समूहले अहिले इच्छुमती (टुकुचा) नदी सफाइ गरिरहेको छ ।

सफाइ समूहले राजधानीको मध्यभागबाट बग्ने इच्छुमती सफाइमा एक हप्ता बिताइसकेको छ । अन्य नदीमा भन्दा इच्छुमतीमा बढी फोहोर भेटिएको समूहका 'सुपरभाइजर' सागर लुइँटेलले जानकारी दिए । रुद्रमतीमा महानगरपालिकाले यन्त्र लगाएर सफाइ गरिरहेको छ ।

महानगरपालिकाको समूहले सफाइ गरुञ्जेल सफा देखिएको रुद्रमतीमा अहिले प्लास्टिकलगायत फेहोर थुप्रिन थालेको छ । सफाइ गरुञ्जेल आकर्षक देखिएको नदी अहिले फेरि फेहोर देखिन थालेको कपनका स्थानीय बताउँछन् । महानगरपालिकाले सफाइ गर्ने तर नदीमा रेखालु नराख्दा 'हिँड्दै छ पाइला मेट्दै छ' भनेजस्तो अवस्था देखिएको हो ।

महानगर क्षेत्रका नदीमा सीधै ढल र फेहोर हाल्नाले दुर्गन्धित बनेको छ । उपत्यकाका सबै नदी र चक्रपथ सफाइ सुरु भए पनि नदीका अवस्था उस्तै छन् । महानगरपालिकाले सुरु गरेको नदी सफाइ अभियान महानगर एक्लैको प्रयासले सफल हुन सम्भव छैन । किनकि महानगर सफा गर्दै गर्ने र स्थानीयले फोहोर फेरि फाल्ने गरे नदी सफा हुँदै हुँदैन । नदी सफा राख्नु महानगरको मात्रै दायित्व होइन भन्ने सबैले बुझ्न जरुरी छ । त्यसैले यो अभियानमा प्रत्येक व्यक्तिले साथ दिन जरुरी छ । नदी सफाइमा सबै जुटौं ।

## सेवाग्राहीको नोक्सानीमा कर्मचारी जिम्मेवार बन्नुपर्ने कानुन बनाऔं



■ सरोज दिलु

> कर्मचारीले दुःख दिँदा वा ढिलासुस्ती गर्दा वा उसको काम नबन्दा एउटा व्यक्तिलाई नोक्सान हुनु भनेको देशलाई घाटा हुनु हो । त्यसैले सेवा नदिने र दिन नसक्ने कर्मचारीको चरित्र र व्यवहारलाई समेत अपराध करार गरिनुपर्छ । यसरी अपराध करार गरेर सेवा नदिएबापत सेवाग्राहीले उजुरी हाल्ने, सम्बन्धित कर्मचारीबाट नोक्सानीको क्षतिपूर्ति पाउने व्यवस्था गरियो भने जनताको काम तत्काल हुने छ । नागरिक सन्तुष्ट हुने छन्, तिनले राष्ट्र र सरकारप्रति अपनत्व ठान्ने छन् । त्यसले मुलुकको समग्र विकास र समृद्धि अभियानमा सघाउने छ ।

नवीकरणको विषय भनेको राज्यका लागि अति सामान्य सेवा हो । एउटा संस्थाको नवीकरण गर्न २०८० साल जेठ ६ गते हामी काठमाडौं जिल्ला प्रशासन कार्यालय पुग्यौं । पुस मसान्तभित्र गरिसक्नुपर्ने नवीकरण अन्य सरकारी निकायकै ढिलासुस्तीका कारण थप तीन महिना लम्बिइसकेको थियो । नवीकरणका फाइलहरू लिएर बिहान ११ बजेदेखि पालो पर्खिंदापर्खिंदा यता र उता ओल्लो झ्याल, पल्लो झ्याल, तल र माथि कुद्दाकुद्दा दिनको ३:३० बज्यो । अनिमात्र फाँटवाला हाकिमले फाइल रुजु गर्न तलदेखि माथिसम्म केलाएर हेरे । हेरिसकेपछि फेरि पल्टाएर हेरे । रुजु गर्न हात घुमाउन के लागेका के थिए, हाम्रो अनुहार हेर्दै फेरि रोकिएर फाइल पल्टाए । अनि एक क्षण एकोहोरिएर अघिल्लो वर्षको साधारणसभाको माइन्युट, नयाँ निर्वाचित पदाधिकारीहरूको नामावली र २०८९/८० को करचुक्ताको कपी पुगेन भनी फाइल फर्काइदिए ।

करचुक्ताको कपी हामीले हाल्न बिर्सेकै हौं, त्यसलाई हामीले तुरुन्तै हाल्यौं । तर अघिल्लो वर्षको माइन्युट पनि चाहिन्छ भन्ने न सूचना बोर्डमा थियो, न अघिका वर्षहरूमा मागिएको थियो । यसैगरी चालु वर्षको साधारणसभाको माइन्युटमा बहालवाला पदाधिकारीहरूको नाम उल्लिखित छँदै थियो । तथापि, उनले कामलाई अड्काउने किसिमले हाम्रो काम रोकिदिए । उनी काम छिटो गरिदिएर हामीलाई सहज गरिदिनेभन्दा दुःख दिएर पन्छाउने काममा गर्व गरिरहेका थिए ।

थप डकुमेन्ट हालेर हामी ७ गते पुनः गयौं । फेरि तल, माथि, फोटोकपी र लाइन अनि उनीहरूको खाजा खाने समय पर्खंदा करिब साढे दुई घन्टा बर्बाद भइसक्यो । त्यसपछि अलि हल्ला गरेपछि विभागीय प्रमुखको हातमा फाइल पुग्यो । उनले फेरि काम छिटोछिटो गरेर सेवाग्राहीलाई सहज बनाउनेभन्दा कहाँ चाहिँ कमजोरी छ भनेर केलाउन थाले । सायद सेवाग्राहीलाई दुःख पुऱ्याउँदा कर्मचारीलाई आनन्द आउँछ होला । उनले अन्ततः साधारणसभाबाट कार्यसमितिमा बढुवा भएकाहरूको प्रहरी रिपोर्ट खै ? भनी फेरि फाइल रोके । जुन कुरा उनीहरूले न कहिले हामी सेवाग्राहीलाई सिकाउनु वा सूचना दिएका थिए न उनीहरूको सार्वजनिक सूचना बोर्डमा नै थियो । 'हामीलाई थाहा छैन । तपाईंहरूले हामीलाई कहिल्यै यस्तो कुरा सिकाउनु भएन त !,' हामीले अनुरोध गऱ्यौं । तर उनले 'चाहिन्छ, लिएर आउनु, नत्र काम हुन्न' भने । बहस गर्न मनासिव लागेन । हाम्रो दुई दिन त्यसै खेर गयो ।

जिल्ला प्रशासनको सिफारिस लिएर हामी जेठ ९ गते टेकु परिसर पुग्यौं । सोधपुछ, अनि ११ नम्बर कोठामा दर्ता, त्यसपछि ३ नं.मा तोक लाउने, १४ नम्बरमा छाप लगाउने अनि नौ नम्बरमा रेकर्ड हेर्ने । ती कोठाहरू चाहर्दाचाहर्दै दुई घन्टा बित्यो । अन्ततः ९ नम्बरमा चिठ्ठी बुझाएपछि त्यहाँबाट सम्बन्धित जिल्लालाई जानुपर्ने रहेछ । जबकि जिल्लामा नेपालभरिकै नागरिकहरूको रेकर्ड हुनेगरी कम्प्युटर प्रोगामिङ भइसकेको छ । त्यसको रेकर्ड प्रशासन कार्यालयमै पनि हुँदो हो । तर नागरिकको समय, स्रोत र परिश्रमलाई शोषण गर्दै जिल्ला प्रशासनबाट जिल्ला प्रहरी, त्यहाँ पनि विभिन्न कोठाहरू र त्यसपछि सम्बन्धित जिल्लामा पठाइँदो रहेछ । प्रहरीमासमेत सेवालाई सहज बनाउनेभन्दा अझ कठिन बनाइदिएर जागिर खाने पद्धति यथावत् रहेछ । हामीले 'सबै रेकर्ड यहीँ रहेछ त, बनाइदिनूस् न, दिन कहाँकहाँ धाउनु ?' भन्दा, असईले 'हुन्न, तपाईंहरू आ-आफू बसेको जिल्लामै जानुपर्छ, बहस नगर्नूस्' भनेर हप्काए । जिल्लाजिल्लामा पठाउने एउटा चिठ्ठी बनाउन प्रहरीलाई करिब ४० मिनेट लाग्यो । जबकि २०/३० वटा शब्द नयाँ टाइप गर्न बढीमा पाँच मिनेट नै लाग्ला । यसरी हेर्दा कर्मचारीमा दिनमा १० वटाभन्दा चिठ्ठी बनाउनसक्ने क्षमता देखिएन ।

म ललितपुरमा बस्ने भएकोले काठमाडौं प्रहरी परिसरको सिफारिस पाएपछि भोलिपल्ट जावलाखेल प्रहरी परिसर पुगेँ । त्यहाँसमेत चिठ्ठी बनाउने लम्बायात्रा नै रहेछ । सोधपुछ, व्यक्ति प्रवेश दर्ता, त्यसपछि ९ नम्बरमा चिठ्ठी दर्ता, ३ नम्बरमा हाकिमको तोक लगाउने, १४ नम्बरमा रेकर्ड हेरी अर्को सिफारिस बनाउनुपर्ने र अन्त्यमा कार्यविशेष शाखामा गई चालचलनको चिठ्ठी बनाउनुपर्ने प्रक्रिया रहेछ । सबै प्रक्रिया पूरा गर्न मलाई तीन घन्टा पूरै लाग्यो । हवल्दारलाई चिठ्ठी तयार पार्न ३० मिनेट लाग्यो । त्यसपछि नजिकै रहेका सइसापलाई सही गराउनुपर्ने, सही गराउन पुग्दा उनी युटचुबमा भिडियो हेरिरहेका थिए । एउटा भिडियो हेरिसकेपछि उनको फोन आयो, फोनमा जिस्कँदै-मस्कँदै उनले ११ मिनेट कुरा गरे, अनिमात्र चिठ्ठीमा सही गरे । तबमात्र मेरो काम भयो ।

भोलिपल्ट बिदा परेकोले अर्को दिन जिल्ला प्रहरीमा पुनः पुगियो । डेढ घन्टापछि मात्र हाम्रो पालो आयो । तब विभागीय प्रमुखले हामीलाई हेर्दै 'सबै काजजात पुग्यो ?' भनेर सोधे । मलाई रिसै उठ्यो र भनेँ 'हेरौं न सर, पुगेन भने फेरि जाउँला न, लिन । हामीलाई अड्काइरहँदा तपाईंहरूको जागिर पाक्छ भने थप एक वर्ष कुदिरहुँला । त्यो पनि भएन भने खाडीतिर जागिर खान जाउँला नि !' यति भनेपछि उनले अलि कान ठाडो पारेर तुरुन्तै सही गरिदिए ।

यसरी हामीजस्ता दुई अक्षर जानेका, सरकारी कार्यालयहरू बुझेकालाई त सामान्य काम गर्न चार/पाँच दिन पूरै खर्च गर्नुपर्ने रहेछ भने सामान्य लेखपढ नभएका, सरकारी कार्यालयहरू नै नदेखेका, कर्मचारी देख्दा डराउने नागरिकको काम हुन कति दिन लाग्ला ? हामी अन्दाज गरौं । यस्तो सेवा पद्धतिले को चाहिँ निराश नहोला ? जिल्ला प्रशासन मात्र होइन, न्यायालय त्यस्तै छ, सरकारी अस्पताल उस्तै छन्, मन्त्रालयहरू त चल्दै चल्दैनन्, कुर्सीमा मान्छे भेटिन्नन्, मालपोत कार्यालयहरूमा पैसा दिनसके बाहिरबाहिर काम हुन्छ, भित्र हप्तौं धाउँदासमेत फाइल मिल्काएर हिँड्नुपर्ने अवस्था हुन्छ ।

कृषिमा कुनै कामको अपेक्षा गरी पुगियो भने लगाएको बाली मरिसक्छ तर सेवा प्राप्त हुँदैन । कर कार्यालयहरूमा मैले आर्जन गरेको सम्पत्तिको कर तिर्छु भन्दासमेत यो पुगेन त्यो पुगेन भनेर कर तिर्न पाइँदैन । सडकमा सवारीसाधन चलाउँदा ट्राफिकले सडकलाई सहज बनाई सेवा दिनेभन्दा कुनामा लुकेर पैसा असुल गर्ने गर्दछ । यस्तो प्रणालीबाट नागरिकको त काम हुँदैन नै, राज्यलाई कति घाटा लागिरहेको होला ? जताततै नागरिकलाई सास्ती दिएर कर्मचारीहरूले तलबमात्र खाने यथार्थ देख्दा जसले पनि 'जस्तोसुकै दुःख भए पनि विदेशतिरै जान्छु' भन्ने भावना राख्छ कि राख्दैन ? परिणामतः यस्तै सेवापद्धतिका कारणले आज दिनहुँ हजारौं युवा विदेश जान एयरपोर्टमा लर्को लागेको हो कि होइन ?

नवीकरणका लागि जिल्ला प्रशासनमात्र होइन, पहिले वडामा गएर एक दिन पूरै खर्च गर्नुपर्छ भने त्यसपछि करमा कम्तीमा एक हप्ता पर्खनुपर्दछ । त्यहाँ कर भर्न मिलेन भने अझ फाइल अगाडि बढ्दैन । त्यसपछि पालिकाको सामाजिक सेवा विभागमासमेत करिब आधा दिन खर्चनुपर्दछ । यसरी कम्तीमा दुई जना व्यक्तिले सामान्य नवीकरण गर्नमात्र कम्तीमा एक हप्ता पूरै खट्नुपर्छ । यसो गर्दा थप खर्च त हुन्छ नै उसलाई मानसिकरूपमा असर पर्छ । उसले एक दिनमा आर्जन गर्नैपर्ने सरदर आम्दानीको त हिसाबै हुन्न । सेवा दिने कर्मचारीहरूले भने घन्टाघन्टाको हिसाब अझ थप सुविधा राज्यसँग असुलउपर गरिरहेका हुन्छन् । यस अर्थमा हेर्दा यो मुलुक फड्को नमार्नु अनि लोकतन्त्रप्रति जनता निराश हुनुमा ५० प्रतिशत कारण त हाम्रो प्रशासनिक पद्धति नै हो ।

सामान्य सिद्धान्तमा सेवाग्राहीले पाउने सेवा सम्पन्न भएपछि मात्र त्यसको पारिश्रमिक लिनुपर्दछ । तर, यहाँ त एउटा कर्मचारी सेवाग्राहीको काम नगरेर वा उसलाई दुःख दिएर निर्लज्ज तलब खान्छ । हरेक टेबल, हरेक कोठामा नागरिकलाई दुःख दिएर, काम अड्काएर तलब खाइरहेका हुन्छन् । अर्थात् नागरिकलाई विभिन्न बहानामा दुःख दिनु, उनको काममा अड्को थाप्नुलाई कर्मचारीको सेवा वा दक्षता मानिन्छ ।

यसर्थ, तीन करोड नागरिकलाई तीन लाख कर्मचारीको सेवाले भाग गर्दा यो डिजिटल युगमा एक दिनमा कम्तीमा १०० जनालाई सेवा दिनसक्ने क्षमता एउटा कर्मचारीमा हुनैपर्छ । उसले जनताका कामहरू छिटो र सहज तरिकाले सम्पन्न गर्नुपर्छ । नागरिकको मनोवल बढेमा वा उसको काम भएमा मात्र मुलुकले समृद्धि प्राप्त गर्छ । कर्मचारीले दुःख दिँदा वा ढिलासुस्ती गर्दा वा उसको काम नबन्दा एउटा व्यक्तिलाई नोक्सान हुनु भनेको देशलाई घाटा हुनु हो । त्यसैले सेवा नदिने र दिन नसक्ने कर्मचारीको चरित्र र व्यवहारलाई समेत अपराध करार गरिनुपर्छ । यसरी अपराध करार गरेर सेवा नदिएबापत सेवाग्राहीले उजुरी हाल्ने, सम्बन्धित कर्मचारीबाट नोक्सानीको क्षतिपूर्ति पाउने व्यवस्था गरियो भने जनताको काम तत्काल हुने छ । नागरिक सन्तुष्ट हुने छन्, तिनले राष्ट्र र सरकारप्रति अपनत्व ठान्ने छन् । त्यसले मुलुकको समग्र विकास र समृद्धि अभियानमा सघाउने छ । विकसित मुलुकहरू यसैगरी फड्को मारिरहेका छन् । हामीले पनि सिको किन नगर्ने ?

## मननयोग्य

### चाणक्य नीति

राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सुन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे 'महाराज क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।

## पत्र-मञ्जुषा

### देशको पहिचान बढाउने कि कमजोर बनाउने ?

भौगोलिकरूपमा सानो भए पनि नेपाल सुन्दर देश हो । नेपाल प्राकृतिकरूपमा धनी छ । यहाँको हावापानी उत्कृष्ट छ । अर्थात् सबैलाई सुहाउँदो । प्राकृतिकरूपमा धनी देश सांस्कृतिक, धार्मिक हिसाबले पनि निकै अगाडि छ । यहाँको सुन्दरता पाइला-पाइलामा देख्न सकिन्छ । मठमन्दिर, डाँडाकाडाले मान्छेलाई लोभ्याउँछ । यही हेर्न विभिन्न मुलुकबाट विदेशी पाहुना नेपाल आउँछन् । यता, विदेशी पाहुना जति बढी नेपालमा घुम्न आउँछन्, राज्यलाई त्यति नै फाइदा हुन्छ । राज्यलाई राजस्व आउँछ । यता, अन्तर्राष्ट्रियस्तरमै नेपालको पहिचान बढ्छ । उनीहरू आफ्नो देश फर्किएर नेपालबारे कुरा गर्छन् ।

नेपालीहरू पाहुनालाई निकै सत्कार गर्छन् । त्यसैले त भनिन्छ 'अतिथि देवो भवः' । विदेशी पनि हाम्रा लागि पाहुना नै हुन् । नेपाल घुम्न आएका विदेशीको जिम्मा सरकारले लिनुपर्छ । उनको जीउधनको सुरक्षा सरकारले गर्नुपर्छ । केही कारण ऊ तलमाथि भयो भने सरकारले त्यसको जवाफ दिनुपर्छ ।

तर, पछिल्लो समय विदेशी कमाउने भाँडो बनेका छन् । विदेशी नेपाल आएपछि होटल-रेस्टुरेण्टमा बस्छन् । नेपालीलाई एक हजारमा बेच्ने सामान होटल व्यवसायीहरूले पाँच हजार रूपैयाँ ठटाउँछन् । विदेशी बस्ने रुम कस्तो छ ? खानेकुरा कस्तो छ ? गुणस्तरीय छ कि छैन ? होटल व्यवसायीले कति रूपैयाँ लिइरहेका छन् ? सरकार अनुगमन गर्दैन । होटल व्यवसायीहरूको पहिलो सिकार नै विदेशी हुन् । विदेशी नेपाल झर्नेबित्तिकै ट्याक्सीको आवश्यकता पर्छ । विदेशीलाई लक्षित गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हरियो प्लेटको ट्याक्सी सञ्चालन गरिएको छ ।

तर, ट्याक्सीले चलाएको ठगीधन्दाबारे सरकार मौनझैं छ । विदेशी देख्नेबित्तिकै ५०० को बाटोमा पाँच हजार रूपैयाँ माग्ने त चालकहरूको प्रवृत्ति नै हो । होटल व्यवसायीहरूले ट्याक्सी चालकहरूलाई कमिसन दिएका छन् । पाहुना ल्याएबापत कमिसन पाउँछन्, चाहे त्यो स्वदेशी होस् या विदेशी ।

पाहुना कति दिन होटलमा बस्छ, सोहीअनुरूप कमिसन दिइन्छ । त्यसैले ट्याक्सी चालकले पाहुनालाई ती होटलमा पुऱ्याइदिन्छन् । विदेशीले घुम्न रुचाउने पशुपतिनाथ मन्दिर, पाटन दरबार, भक्तपुर दरबार स्क्वायर, बौद्ध, स्वयम्भू, वसन्तपुर, दरबारमार्ग, ठमेललगायत हुन् । यी काठमाडौं उपत्यकाभित्रको प्रमुख घुमघामस्थल हुन् ।

उपत्यकाबाहिर त धेरै छन् । तर, जहाँ गए पनि विदेशीलाई धुरुक्कै रुवाइन्छ । विदेशी देख्नेबित्तिकै माग्नेहरू झुम्मिहाल्छन् । विदेशीहरूलाई नयाँ-नयाँ सामान खरिद गर्न मन लाग्छ । नेपालको कलाकृति त त्यहीमाथि पनि उत्कृष्ट छ । मन्दिर छेउछाउ विभिन्न सामान बेच्न राखिएको हुन्छ । विदेशीलाई स्वदेशीभन्दा त्यो सामान दोब्बर-तेब्बर मूल्य गरिन्छ । नेपाल आएपछि भ्रमण नगर्ने कुरै हुँदैन । आरोहण गर्नुको विदेशीको चासो हो । उनीहरू विभिन्न हिमाल चढ्न रुचाउँछन् । ट्राभल्समार्फत हिमाल चढ्न जान्छन् । ट्राभल्सले पनि ठगिरहेको छ । मनलाग्दी पैसा लिइरहेका छन् ।

सरकारले पनि शुल्क तोकेको छैन । हरेक क्षेत्रमा विदेशी ठगिरहेका छन् । त्यसैले तीन महिनाको भिसा लगाएर आएकाहरू महिना दिनमै फर्किन बाध्य हुन्छन् । नेपालबारे बुझौं भनेर आएका हुन्छन् तर नेपालीको व्यवहारले महिना दिनमै फर्किन्छन् ।

काठमाडौं उपत्यका अस्तव्यस्त छ । न व्यवस्थित फुटपाथ छ न सडक । ठमेल क्षेत्रमा सबैभन्दा धेरै विदेशी जान्छन् । तर, त्यहाँको सडक अस्तव्यस्त छ । काठमाडौं महानगरपालिकाले पछिल्लो समय वसन्तपुर क्षेत्रमा सवारी जान रोक लगाएको छ । यो निर्णय एकदमै सही छ । वसन्तपुर त नेपालको ऐतिहासिक चिनारी हो । त्यहाँ सवारी चल्न पहिल्यै रोक लगाउनुपर्थ्यो । तर, कुनै जनप्रतिनिधिले चासो देखाएका थिएनन् । वर्तमान मेयर बालेन साहले गरे । विडम्बना, त्यताको बासिन्दाले यो कुरा बुझ्दैनन् । नबुझिकन राजनीतिक पार्टीका झोलेहरूले भनेको भरमा सडकमा उत्रिन्छन् । महानगरले न्युरोड क्षेत्रमा फुटपाथ बढाउन खोजेको थियो । फुटपाथ बढाउनु त राम्रो कुरा हो । फुटपाथ नहुँदा सडकबाट हिँड्नुपर्ने बाध्यता छ । जसले दुर्घटना निम्त्याइरहेको छ । दुर्भाग्यबस्, त्यहाँ पनि राजनीतिक पार्टीका झोलेहरू विरोधमा उत्रिए । महानगरले खनिसकेको सडक पार्टीकै आडमा पुर्न लगाए । फुटपाथ विस्तारको काम रोकियो ।

फुटपाथ नहुँदा स्वदेशीलाई त गाह्रो भएकै छ । झन् विदेशीहरूको हालत के होला ? ठूलठूला सडक, फुटपाथ र व्यवस्थित सहरमा बसेका उनीहरूले नेपालको बारेमा के सोच्लान् ? फुटपाथ त अनिवार्य भौतिक पूर्वाधार हो । सबैभन्दा धेरै भीडभाड हुने स्थलमा त फुटपाथ निर्माण गर्नुपर्छ । सडक सफासुग्घर बनाउनुपर्छ । रुखबिरुवा रोप्नुपर्छ । तारहरू व्यवस्थापन गर्नुपर्छ । तर, त्यहीका बासिन्दा विकास विरोधी छन् । विभिन्न जिल्लाबाट आएकाहरू वसन्तपुर घुम्न जान्छन् । खरिददारीका लागि न्युरोड, असन, भोटाहिटी जान्छन् । तर, सर्वसाधारणको ज्यान जोखिममा राखेर व्यापार गर्ने अधिकार कसैलाई पनि छैन ।

*– रामचन्द्र खत्री, कोटेश्वर*

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**ड्रम-सिडर यन्त्रबाट रोपाइँ** | सुनसरीको इनरुवा-९ मा आइतबार ड्रम-सिडर यन्त्रबाट धानको बीउ छर्दै किसान। हिलाम्ये खेतमा यन्त्रबाट धान छरेर गरिने यो विधिले श्रम र लागतको बचत हुने किसानको अनुभव छ। *तस्बिरः नवीन गड्तौला/रासस*

# खानेपानी सुविधाले ल्याएको खुसी

■ रामकुमार लिम्बू

**फिक्कल (इलाम)**– इलामको माङसेबुङ गाउँपालिका-६ की कमलकुमारी राईले एक गाग्री पानी भर्न घण्टौं कुर्नुपर्थ्यो। उनले मात्रै होइन, माङसेबुङ गाउँपालिका-६ का बासिन्दाले वर्षौंदेखि खानेपानीको समस्या भोग्दै आएका थिए। अहिले भने खानेपानीको समस्या छैन। प्रदेश सरकारको लगानीमा माङसेबुङ बृहत् खानेपानी आयोजना निर्माण भएपछि आफूहरू उत्साहित भएको कमलकुमारी राईले बताइन्।

फाकफोकथुम गाउँपालिका-७ एकतप्पाका सुमन दियाली वर्षायाममा बाढी आउँदा धमिलो पानी पिउन बाध्य हुनुपरेको तीतो विगत सम्झन चाहँदिनन्। अहिले घरघरमा स्वच्छ खानेपानीको पहुँच पु्याइदिएको प्रदेश सरकारप्रति उनी आभारी छिन्। खानेपानी आयोजनाले स्थानीयको दैनिकीमा नै सहज बनाइदिएको छ। 'खानेपानी आयोजना सञ्चालन भएपछि सबैभन्दा बढी गृहिणी महिलालाई राहत मिलेको छ,' उनले सुनाइन्।

कोशी प्रदेश सरकारले चालु आर्थिक वर्षमा इलाममा मात्र खानेपानीमा ११ करोड ८० लाख ४० हजार रूपैयाँ लगानी गरेको छ। प्रदेश सरकारले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय झापामार्फत इलाममा १३० वटा सानाठूला खानेपानी आयोजना सञ्चालन भइरहेको डिभिजन प्रमुख विकास काफ्लेले जानकारी दिए। कार्यालयका अनुसार ५७ वटा नयाँ योजना सुरु भएका छन् भने ७५ वटा पुराना योजनालाई मर्मतसम्भार तथा पुनर्निर्माण गरिएका छन्। यस वर्ष प्रदेश सरकारले चार करोड ७० लाख रूपैयाँको लागतमा ५७ वटा नयाँ योजना अघि बढाएको छ भने सात करोड १० लाख ४० हजार रूपैयाँको लागतमा ७५ वटा पुराना योजना मर्मतसम्भार तथा पुनर्निर्माण गरिरहेको छ।

डिभिजन प्रमुख काफ्लेका अनुसार प्रदेश सरकारको लगानीमा चालु रहेका आयोजना सम्पन्न भएपछि इलामको २१ हजार १७५ परिवारका एक लाख पाँच हजार ८५५ जना जनतामा स्वच्छ खानेपानीको पहुँच पुग्ने छ। यसमध्ये नयाँ योजनाबाट छ हजार २८ घरधुरीका ३० हजार १४० जना र पुराना योजनाबाट १५ हजार १४७ घरधुरीका ७५ हजार ७१५ जना इलामवासी जनतामा स्वच्छ खानेपानीको पहुँच पुग्ने डिभिजन कार्यालयले जनाएको छ। जिल्लाका सत्प्रतिशत जनतामा खानेपानी पु्याउने गरी काम भइरहेको बताइएको छ।

प्रदेश सरकारले एकै वर्षमा खानेपानी आयोजनामा करोडौंको लगानी गरेपछि इलामवासी हर्षित भएका छन्। प्रदेश सरकारले खानेपानी आयोजनाको क्षेत्रमा गरेको लगानीले वास्तविक संघीयताको आभास दिलाएको माङसेबुङ गाउँपालिका-२ इभाङका सामाजिक अभियन्ता डम्बर लोरिन्देनको बुझाइ छ। 'खानेपानी क्षेत्रमा प्रदेश सरकारको लगानी हेर्दा विगतमा बिसौं वर्षसम्म खानेपानी नपाएका क्षेत्रका नागरिकसम्म प्रदेश सरकार पुग्न सफल भएको देखिन्छ,' लोरिन्देनले भने।

माङसेबुङ गाउँपालिका-२ इभाङका सुमन खनाल प्रदेश सरकारले पछिल्लो समयमा खानेपानीको क्षेत्रमा गरेको लगानीले जिल्लावासी नागरिकलाई आशावादी बनाएको बताउँछन्। 'पछिल्लो समय प्रादेशिक संरचनामाथि नै केहिले प्रश्न उठाउन थालेको समयमा प्रदेश सरकारको यो लगानी विश्लेषण गर्दा प्रशंसानीय छ,' खनालले भने।

प्रदेश सरकारले पाँच लाखदेखि ३३ लाख ८० हजार रूपैयाँसम्मका खानेपानी योजना सञ्चालन गरेको छ। तीमध्ये ६४ वटा योजना पाँच लाखका र ६६ वटा योजना पाँच लाखदेखि ३३ लाख ८० हजार रूपैयाँसम्मको लगानीका छन्। प्रदेश सरकारले रोङ गाउँपालिका-२ बदामटारस्थित बदमटार खानेपानी योजनाबाट (सलकपुर खानेपानी योजना) २०० घरका एक हजारजना प्रत्यक्ष लाभान्वित हुँदै छन्। चुलाचुली गाउँपालिकास्थित शिखरकटेरी खानेपानी योजना, माई नगरपालिका-५ स्थित बगैंचे डङडङे खानेपानी योजना र इलाम नगरपालिकास्थित माईखोला खानेपानी तथा सरसफाइ योजनालाई पनि अगाडि बढाएको छ।

प्रदेश सरकारले इलाममा २० लाख रूपैयाँका नौ योजना सञ्चालन गरेको छ। जिल्लाको सन्दकपुर गाउँपालिकास्थित माईपोखरी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित फिक्कल कन्याम खानेपानी आयोजना र खानीखोला सिम्ले सहकाले टोल खानेपानी आयोजना, माङसेबुङ गाउँपालिकास्थित खलंगे खानेपानी निर्माण उत्तरे माल्टेनी मुहान र भुतेखोला खानेपानी आयोजना, रोङ गाउँपालिकास्थित अम्बके बहुवन खानेपानी आयोजना, इलाम नगरपालिकास्थित अँधेरी नारायणचोक छौडे सतुवाबेँसी खानेपानी योजना, माई नगरपालिकास्थित पाल्टार खानेपानी (भूमिगत) आयोजना र राँगापानी खानेपानी आयोजनालाई २०/२० लाख रूपैयाँ लगानी गरेको छ।

त्यसैगरी माङसेबङ गाउँपालिकास्थित चित्रेखोला लिफ्टिङ खानेपानी निर्माणमा १७ लाख ५० हजार रूपैयाँ र रोङ गाउँपालिकास्थित सिद्धि सलकपुर खानेपानी आयोजनामा १७ लाख रूपैयाँ विनियोजन भई काम भइरहरेका छन्। माईजोगमाई गाउँपालिकास्थित नयाँबजार बृहत् खानेपानी आयोजना, रातेखोला खानेपानी आयोजना र गंगडाँडा खानेपानी आयोजना, माई नगरपालिकास्थित रातमाटे खानेपानी आयोजना, चुलाचुली गाउँपालिकास्थित राई टोल र सिरानतला दुईवटा क्षेत्रमा खानेपानी आयोजना, माई नगरपालिकास्थित आरूपानी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित टुनीगौरी डाँडागाउँ खानेपानी आयोजना र सन्दकपुर गाउँपालिकास्थित भैरमबारी खानेपानी आयोजनाको पनि काम भइरहेको छ।

त्यस्तै, रोङ गाउँपालिकास्थित टिमाई खोला छावा खोल्सी खानेपानी आयोजना, इलाम नगरपालिकास्थित माईखोला खानेपानी आयोजना, बरबोटे खानेपानी आयोजना र चुलाचुली गाउँपालिकास्थित सार्कीटार सुपारीबोटे र सिम्बले तीनवटै क्षेत्रमा खानेपानी आयोजना अन्तिम चरणमा पुगेको डिभिजन कार्यालयले जनाएको छ। भुतेखोला खानेपानी आयोजना र फाकफोकथुम गाउँपालिकास्थित कमेरे जरिंगे खाम्बाङ तल्लोबोहोरे गाउँ खानेपानी आयोजना, बुलुङखोला धावा खानेपानी आयोजना र चुलाचुली गाउँपालिकास्थित खावान खोला बृहत् खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित सिद्धिगाउँ तथा श्रीअन्तु खानेपानी आयोजना र जोगीधारा खानेपानी आयोजना, माई नगरपालिकास्थित आङबु बर्दुवा खानेपानी आयोजना र फाकफोकथुम गाउँपालिकास्थित सुलसुले खानेपानी आयोजनाको लागि पनि बजेट विनियोजन गरिएको छ।



त्यस्तै, इलाम नगरपालिकास्थित सुन्दरबैँसी र लेबक खानेपानी आयोजना र खर्बन खानेपानी आयोजना निर्माण भइरहेको छ। नगरपालिकास्थित बरबोटे खानेपानी योजना, देवीथान मुहान भञ्ज्याङ न्युरेनी खानेपानी आयोजना, सुम्बेक चोक खानेपानी आयोजना, मलातेनी (सुलुबुङ सन्दकपुर) खानेपानी आयोजना र माईखोला नर्कटे खानेपानी आयोजना, चुलाचुली गाउँपालिकास्थित तोरीबारी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित भित्री लिफ्टिङ खानेपानी आयोजना र छिपछिपे खानेपानी आयोजना, फाकफोकथुम गाउँपालिकास्थित खत्रीगाउँ खानेपानी आयोजना, माईजोगमाई गाउँपालिकास्थित पधेँरी खानेपानी आयोजना र माई नगरपालिकास्थित कालीखोला खानेपानी आयोजना अघि बढाइएको छ।

इलाम नगरपालिकास्थित तल्लो गोदक खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित पशुपतिनगर खानेपानी आयोजना र देउमाई नगरपालिकास्थित मगरगाउँ खानेपानी आयोजना, चुलाचुली गाउँपालिकास्थित साकफारा खानेपानी आयोजना, माईजोगमाई गाउँपालिकास्थित तुम्लिङ गुराँसे खानापानी आयोजना एवं माङसेबुङ गाउँपालिकास्थित माङसेबुङ खानेपानी आयोजना, सङलुमंगलु साँगुरी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित तारगाउँ बोरिङ खानेपानी आयोजना, देउमाई नगरपालिकास्थित माथिल्लो डाँडा चाँपगैरी अजम्बरे चुली सिद्धिथुम्का खानेपानी आयोजना र रोङ गाउँपालिकास्थित गोरेनी खोल्सा खानेपानी आयोजना मर्मतसम्भार तथा पुनर्निर्माणको पनि काम भइरहेको छ।

त्यसैगरी, सूर्योदय नगरपालिकास्थित पशुपतिनगर बजार रुङसुंग बृहत् खानेपानी आयोजना, रोङ गाउँपालिकास्थित सिस्ने बाघखोर कोल्बुङ खानेपानी आयोजना र फाकफोकथुम गाउँपालिकास्थित एकतप्पा खानेपानी आयोजनामा सात/सात लाख रूपैयाँ, सूर्योदय नगरपालिकास्थित पाखिनगाउँ खानेपानी आयोजना, धर्जे मकरजुङ खानेपानी आयोजना, रोङ गाउँपालिकास्थित गोयाङखोला-भुत्तेखोला-एकराते खानेपानी आयोजना र माईजोगमाई गाउँपालिकास्थित प्रेमेजोङ बृहत् खानेपानी आयोजनाको मर्मतसम्भार भइरहेको छ।

प्रदेश सरकारले इलामका विभिन्न पालिकामा ६४ वटा खानेपानी आयोजनामा पाँच लाख रूपैयाँका दरले रकम विनियोजन गरी नयाँ निर्माण तथा मर्मतसम्भारको काम तीव्र बनाएको डिभिजन कार्यालयले जनाएको छ। तीमध्ये ३७ वटा खानेपानी आयोजनाहरू नयाँ निर्माण र २७ वटा पुराना खानेपानी आयोजनाको मर्मतसम्भार भएको डिभिजन कार्यालयले जनाएको छ। तीमध्ये कतिपयको सम्पन्न भइसकेका छन् भने कतिपय अन्तिम चरणमा पुगेको डिभिजन कार्यालय प्रमुख काफ्लेले बताए। *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAHDAT AL-AMAR LIMITED IS A ONE-PERSON LIABILITY COMPANY

पूर्व स्वीकृति मिति २०८१/03/02 पुन विज्ञापन स्वीकृति मिति २०८१/03/09 LT. No. 306610 चलानी नं. ६०२२१२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 59 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Sunsari, Itahari, National Exports Manpower Consultant, Paschim line Nabil Bank Opposite मा मिति: २०८१ असार ११ गते (25th June 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

AVION श्रम ईजाजत नं. १५२४/०७४/७५

Avion Human Resource Management Pvt. Ltd.

Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal. , Tel No.: +977 1 4599632, 9801000591, 9801000593, 9843685128, Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAPTI RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/१२/०२ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/09 LT. No. 301750 चलानी नं. ६०२१२६६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 2 | 1500 | ५४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 3 | General Clean Worker | 3 | 16 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | General Cook | 4 | 2 | 1500 | ५४,९५० | | | | | | | |
| 5 | Hotel Services | 2 | 0 | 1500 | ५४,९५० | | | | | | | |
| 6 | Juice Maker | 4 | 4 | 1500 | ५४,९५० | | | | | | | |
| 7 | Marketing Represent | 1 | 0 | 3000 | १०९,९०५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५४,९५० | | | | | | | |
| 9 | Supervisior | 4 | 1 | 2500 | ९१,५८५ | | | | | | | |
| 10 | Waiter | 13 | 5 | 1400 | ५१,२९० | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८१/०२/११ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/09 LT. No. 305170 चलानी नं. ६०२१९९४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Excecutive | 0 | 1 | 2500 | ९१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 3 | General Clean Worker | 14 | 50 | 1000 | ३६,६८५ | | | | | | | |
| 4 | Helper | 1 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 5 | Labour | 30 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 7 | Receptionist | 0 | 2 | 1500 | ५४,९५० | | | | | | | |
| 8 | Supervisior | 0 | 1 | 2500 | ९१,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १७ गते (1st July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

JALAJALA RECRUITMENT PVT.LTD

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257

E-mail: jalajalarecru2017@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNDER THE DRYER LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/१० पुन विज्ञापन स्वीकृति मिति २०८१/03/09 LT. No. 300425 चलानी नं. ६०२१५३३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chairdresser/nail Technician/manicure/pedivure/salo | 0 | 10 | 150 | ६४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १७ गते (1st July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOURS NAIL SPA SALON FOR LADIES BEAUTY COMPANY,

पूर्व स्वीकृति मिति : २०८०/१०/२८ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/09 LT. No. 299878 चलानी नं. ६०२१४७८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIR DRESSER | 0 | 6 | 150 | ६४,७५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | BEAUTICAN | 0 | 5 | 150 | ६४,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १७ गते (1st July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

PREMIUM HR Govt. License 1631/080/081

PREMIUM HUMAN RESOURCE

Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814

Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIMITED MAINTENANCE & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०६/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/09 LT. No. 293659 चलानी नं. ६०२०८९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1500 | ५४,६६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Employee | 0 | 2 | 1500 | ५४,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १७ गते (1st July 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## 'नेपाल आइडल-५' को उपाधि करणलाई

गायन रियालिटी शो 'नेपाल आइडल' पाँचौं संस्करणको उपाधि बर्दियाका करण परियारले जितेका छन् । शनिबार साँझ सम्पन्न अन्तिम प्रतिस्पर्धामा मोहित भुजेल, सलोमी गुरूङ र सचिन विश्वकर्मालाई दर्शकबाट प्राप्त मतका आधारमा पछि पार्दै उनी विजेता बनेका हुन् । विजेता परियारले २५ लाखसहित अन्य उपहार प्राप्त गरे । प्रतियोगितामा दोस्रो भएकी पोखराकी सलोमीले १० लाख रुपैयाँ हात पारिन् । दार्जीलिङका सचिन विश्वकर्मा तेस्रो र दार्जीलिङकै मोहित भुजेल चौथो बने । उनीहरूले क्रमशः पाँच लाख र स्कुटर प्राप्त गरे ।





## नयाँ स्वरूपमा तयार हुँदै

# 'बेनीको बजार...'



म्याग्दी (बेनी)- बहुचर्चित नेपाली लोकगीत 'बेनीको बजार, जता माया उतै छ नजर' को म्युजिक भिडियोलाई नयाँ प्रस्तुतिका साथ पुनः निर्माण गर्न सुरु गरिएको छ । जिल्ला सदरमुकाम बेनीलाई राष्ट्रिय, अन्तर्राष्ट्रियरूपमा चिनाउन सफल उक्त गीतलाई पुनः नयाँ स्वरूपमा रेडर्क गरेर म्युजिक भिडियो तयार गर्न लागिएको हो ।

युवाको नेतृत्व र व्यक्तित्व विकाससँगै कला, संस्कृतिको संरक्षण र संवर्द्धनमा सक्रिय म्याग्दी जेसिजले गीतका सर्जकको परिवारबाट अनुमति लिएर गीतलाई नयाँ प्रस्तुतिका साथ बजारमा ल्याउन लागेको जनाएको छ । गीतको पुनः ताजकी गर्न र स्रष्टालाई सम्मान गर्न पुरानो वास्तविक गीतसँगै नयाँ शब्द संकलनसमेत गरेर बेनीको बजार गीतलाई पुनः निर्माण गर्न लागिएको जिल्लास्थित जेसिजका शाखा अध्यक्ष दिनेश बानियाँले जानकारी दिए ।

उनका अनुसार पुनः निर्माण गर्न लागिएको गीतमा गायक रामचन्द्र काफ्ले र गायिका समीक्षा अधिकारीले स्वर भरेका छन् । गीत रेकर्डको काम सकेर अहिले म्युजिक भिडियो छायांकन भइरहेको निर्देशक डिके पुनले बताए । उनका अनुसार सदरमुकाम बेनीबजार, गलेश्वरधाम र लम्लिहिल क्षेत्रमा छायांकन गरिएको म्युजिक भिडियोमा रघुगंगा गाउँपालिका-७ चिमखोलाबाट सुरुआत भएर पछिल्लो समय लोकप्रिय बनेको थालीनाचलाई समेत समावेश गरिएको छ ।

मोडल गम्भीर विष्ट र अञ्जली अधिकारीले अभिनय गरेको म्युजिक भिडियोमा म्याग्दीका करिब ४५ भन्दा बढी कलाकारले नृत्य र अभिनय गरेका छन् । टीकाबहादुर श्रेष्ठले रचना गरेको उक्त गीतमा सर्जक श्रेष्ठ र उनकी श्रीमती मन छन्त्यालले पहिलोपटक बेनीको बजार गीत गाएका थिए । वि.सं. २०३१ मा रेडियो नेपालमा मन छन्त्यालको स्वरमा रेकर्ड भएपछि विश्वभरका नेपालीमाझ निकै चर्चामा आएको यो गीतलाई पछि राजु परियार र बिमाकुमारी दुराको स्वरमासमेत रेकर्ड गरेर बजारमा ल्याइएको थियो ।

२०१९ फागुन ७ गते प्रजातन्त्र दिवसका दिन काठमाडौंको राष्ट्रिय नाचघरमा पहिलोपटक रचनाकार श्रेष्ठ दम्पतीले 'बेनीको बजार, जता माया उतै छ नजर' बोलको गीत गाएका थिए । उक्त कार्यक्रममा तत्कालीन १४ अञ्चलबाट आएका कलाकारलाई उछिनेर श्रेष्ठ दम्पतीको गीत प्रथम भएको थियो । गीतका सर्जक श्रेष्ठको निधन भएकाले उनकी धर्मपत्नीको सहमतिमा गीत र म्युजिक भिडियोलाई पुनः निर्माण गर्न लागिएको जेसिजका शाखा अध्यक्ष बानियाँले जानकारी दिए । *रासस*

# सर्वोत्कृष्ट १० कवि पुरस्कृत

**काठमाडौं (प्रस)–** नेपाल प्रज्ञा प्रतिष्ठानले यस वर्षको राष्ट्रिय कविता महोत्सवमा सर्वोत्कृष्ट १० कविलाई पुरस्कृत गरेको छ । प्रतिष्ठानको ६७औं वार्षिकोत्सवका अवसरमा आइतबार आयोजना गरिएको राष्ट्रिय महोत्सव-२०८१ मा सहभागी भएका कविहरूमध्ये मूल्यांकन समितिबाट सिफारिस भएअनुसार सर्वोत्कृष्ट १० जनालाई पुरस्कारका लागि छनोट गरिएको थियो ।

कार्यक्रममा सर्वोत्कृष्ट १० कविका रचना वाचनसमेत गरिएका थिए । पुरस्कृत हुनेमा बर्दियाका अग्रआवाज, मकवानपुरका अनिता न्यौपाने, नवलपरासीका अञ्जान प्रदीप, दाङका छविलाल कोपिला, रोल्पाका दिलीप बुढामगर, मोरङकी रुमानी कुलुङ, सिन्धुलीका रूपक 'जमरा' घलान, सिन्धुलीकी रेजिना खालिङ, ललितपुरका शर्मिला दुलाल र पाँचथरका सुमन सहयात्री योङहाङ रहेका छन् ।

प्रतिष्ठानकी प्राज्ञ एवं कविता महोत्सव संयोजक बाबा बस्नेतका अनुसार महोत्सवका लागि देशभरबाट एक हजारभन्दा बढी कविता प्राप्त भएका थिए । तीमध्ये ६०४ वटा छनोट गरेर तेस्रो चरणका लागि २५ कविता छानिएकामा १० कवितालाई सर्वोत्कृष्ट घोषणा गरिएका थिए ।

प्रतिष्ठानका कुलपति भूपाल राईले पछिल्लो समय कविता महोत्सवलाई समावेशी बनाउने हेतुले बहुभाषा कविता छनोट गरिएको बताए । यसअघि पहिलो, दोस्रो र तेस्रो चरणमा विजेता बनाउने परम्परा रहेकामा यसपटक छनोट विधि परिवर्तन गरी १० रचना छानिएका उनले जानकारी दिए । 'प्रतिष्ठान कवि र सर्जकको सम्मान गर्ने थलो हो, प्रतिस्पर्धामा उतार्नुहुँदैन भनेर उत्कृष्ट १० रचना छानेका हौं,' उनले भने, 'राष्ट्रिय कविता महोत्सव हुन सबै भाषा मातृभाषीका सर्जकको सहभागिता हुन जरुरी रहेको निष्कर्षसहित हामीले बहुभाषिक रचनामा जोड दिएका छौं ।'

वि.सं. २०१४ मा स्थापना भएको प्रतिष्ठानले वि.सं. २०२२ देखि राष्ट्रिय कविता प्रतियोगिता गर्दै आएको छ । अहिले यही प्रतियोगिताको नाम परिवर्तन गरेर महोत्सव राखिएको हो । कार्यक्रममा प्रतिष्ठानका उत्कृष्ट कर्मचारी सरेन्द्र महर्जन, दुर्गादेवी शर्मा र कुलराम थापालाई जनही ५० हजार रूपैयाँसहित पुरस्कार र सम्मान प्रदान गरिएको थियो ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLATINUM HANDS CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/०७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०९ LT. No. 302054 चलानी नं. ६०२१६९२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 80 | 20 | 800 | २९,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VRINDAVAN STAR SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१२/०७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०९ LT. No. 302055 चलानी नं. ६०२१६९२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1200 | ४३,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १७ गते (1st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७८८/०६५/०६६

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD

P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134,
Mobile: 9851231432, 9849205504, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com


## रंगशाला

### प्रतिनिधिसभामा खेलकुदमन्त्रीको जवाफ

# 'खेलकुद क्षेत्रको विकास पहिलो प्राथमिकतामा'

■ प्रभाव संवाददाता



**काठमाडौं–** युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले युवाको आकर्षण बढ्दै गएको खेलकुद क्षेत्रको विकासलाई मन्त्रालयले पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथि उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री श्रेष्ठले खेलकुदको माध्यमबाट स्वस्थ र अनुशासित नागरिक तयार गरी राष्ट्रिय एकता र राष्ट्रिय गौरव बढाउन मन्त्रालयले प्राथमिकता दिएको बताए । उनले युवाको आकर्षण बढ्दै गएको खेल क्षेत्रको संरक्षण र विकास गरी राष्ट्र निर्माणमा सहभागी गराउन प्रयासरत रहेको उल्लेख गरे ।

खेलकुदमन्त्री श्रेष्ठले सीमित स्रोतसाधनका बाबजुद पनि खेलकुद क्षेत्रको समग्र सुधारका लागि लागिपरेको बताए । उनले खेलकुद पूर्वाधार विकासका लागि मूलपानी क्रिकेट रंगशाला निर्माण, कीर्तिपुरको क्रिकेट मैदानमा 'फ्लड लाइट' जडान, खेलाडी फिटनेस हल तथा सामग्री व्यवस्था, हाइअल्टिच्युड ट्रेनिङ सेन्टर र खेलकुद तालिम केन्द्र स्थापना कार्यलाई प्राथमिकतामा राखिएको जानकारी दिए ।

मन्त्री श्रेष्ठले यो पटक पूर्वाधारमा भन्दा कार्यक्रममा बजेट बढी खर्च गर्नुपर्ने बाध्यता रहेको स्पष्ट पारे । उनले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि ६० करोड रूपैयाँ बजेट विनियोजन भएको तथा मूलपानी क्रिकेट रंगशालाका लागि ५० करोड रूपैयाँ रकम व्यवस्था गरिएको जानकारी दिए ।

खेलकुद संगठनलाई सिर्जनशील कार्यमा प्रेरित गर्नुपर्ने, यस क्षेत्रमा रहेका शासकीय बेथितिलाई सुधार्न सबै सक्रिय भएर लाग्नुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिए । खेलकुद ऐन संशोधनको क्रममा रहेको भन्दै उनले सातै प्रदेशबाट रायसुझाव लिएर असारभित्रै कानुन मन्त्रालयमा ऐनको मस्यौदा पठाउने तयारी भइरहेको उनले जानकारी दिए ।

स्थानीयस्तरबाटै खेलकुदका तालिम प्रदान गर्न खेलकुदका प्रशिक्षक खटाइएको मन्त्री श्रेष्ठले बताए । अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन 'मिसन २०२६', 'छैटौं एसियन इन्डो मार्सल आर्ट, २०२४' र 'पेरिस ओलम्पिक, २०२४' लगायत बृहत् खेलकुदको तयारीका लागि राष्ट्रियस्तरमा १० वटा खेलका २०० भन्दा बढी खेलाडीलाई विशेष प्रशिक्षण सञ्चालन भइरहेको उनले जानकारी दिए ।

युवा तथा खेलकुदमन्त्री श्रेष्ठले गणेशमान सिंह बक्सिङ प्रतियोगितामा बक्सिङ खेलको मात्र प्रतियोगिता सञ्चालन हुने, मदन भण्डारी स्पोर्टस एकेडेमीबाट महिला र पुरुषका लागि बक्सिङ, भलिबल हक्की, एथ्लेटिक्स, तेक्वान्दो, कराते, व्याडमिन्डन, बास्केटबललगायत कम्तीमा १६ विधाका प्रतियोगिता आयोजना गर्ने भएकाले बढी रकम विनियोजन भएको जानकारी दिए ।

उनका अनुसार अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीको छनोट सम्बन्धित खेल संघको प्रशिक्षक, निर्णायक र संघको पदाधिकारीसहितको छनोट समितिबाट निश्चित मापदण्ड, सिद्धान्त र प्रक्रियाबाट हुने भएकाले उक्त प्रक्रिया पारदर्शी बनाइएको छ । खेलकुदमन्त्री श्रेष्ठले खेलकुदका माध्यमबाट पर्यटनको विकास र विस्तार गर्न ११ वटा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न बजेट विनियोजन गरिएको बताए । जुम्लाको पातारासीमा स्वदेशी तथा विदेशी खेलाडीलाई तालिममा आकर्षिक गर्न हाइ अल्टिच्युड ट्रेनिङ सेन्टर निर्माण गर्न रु चार करोड विनियोजन गरिएको छ । साथै दोलखाको सैलुङमा तेक्वान्दो खेलको हाइअल्टिच्युड ट्रेनिङ कभर्डहल निर्माणका लागि दुई करोड रूपैयाँ विनियोजन भएको जानकारी दिए ।

मन्त्री श्रेष्ठले अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई पुरस्कारको व्यवस्था गरिएअनुसार चार करोड ३५ लाख रूपैयाँ बजेट विनियोजन गरिएको बताउँदै आगामी वर्षदेखि पदक जितेर आउनेबित्तिकै खेलाडीलाई बैंक खातामा पुरस्कारको रकम उपलब्ध गराउने व्यवस्था मिलाइएको जानकारी दिए । उनका अनुसार ओलम्पिकमा सहभागी, एसियन खेलमा पदक विजेता, साग खेलकुदमा स्वर्ण पदक विजेता खेलाडी ३५७ जनालाई मासिक छ हजार रूपैयाँका दरले मासिक भत्ता प्रदान गर्न दुई करोड ३५ लाख रूपैयाँ व्यवस्था गरिएको छ ।

खेलकुदमन्त्री श्रेष्ठले विद्यालयस्तरमा खेलकुदको विकासका लागि प्रत्येक विद्यालयमा छुट्टै खेलकुद शिक्षक राख्ने प्रक्रिया अगाडि बढाइएको जनाउँदै यो प्रक्रिया पूरा हुन समय लाग्ने भएकाले हाललाई विद्यालयमा अध्यापनरत ४०० शिक्षकलाई १५ दिने खेलकुदको सीप विकास तालिम प्रदान गर्न एक करोड ४० लाख रूपैयाँ विनियोजन गरिएको उल्लेख गरे । उनले खेलकुद विश्वविद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन भइसकेकाले स्रोतको व्यवस्था हुनासाथ स्थापना कार्य अघि बढाइने जानकारी दिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAAD ABDULLAH ABDULAZIZ AL-MADHI LAND TRANSPORTATION

पूर्व स्वीकृति मिति २०८०/०३/१३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०९ LT. No. 288449 चलानी नं. ६०२०३९५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १७ गते (1st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHUAA INDUSTRIAL SUMMIT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०३/०४ LT. No. 306685 चलानी नं. ६०२२१४१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १७ गते (1st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

Fewa HR Solutions Pvt. Ltd.

श्रम इजाजत नं. १४८५/०७४/०७५

P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः ALI MUTHAMI AL ZUBAIDI GENERAL CONTRACTING CORPORATION

पूर्व स्वीकृति मिति २०८१/०३/०९ LT. No. 306536 चलानी नं. ६०२२१४९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार १७ गते (1st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।




चीनको राजधानी बेइजिङको झोङगुआचुन प्रदर्शनी केन्द्रमा प्रदर्शनमा राखिएको आपत्कालीन उद्धारमा प्रयोग गर्न बनाइएको एक रोबोट ।

*तस्बिरः सिन्ह्वा*

# इयू र चीनबीच विद्युतीय कारमा लगाइएको अतिरिक्त करबारे छलफल सुरू

**ब्रसेल्स, बेल्जियम–** युरोपेली संघ (इयू) र चीनका व्यापार प्रमुखबीच चिनियाँ विद्युतीय कारमा कर वृद्धि गर्ने ब्रसेल्सको योजनाबारे शनिबार 'स्पष्ट र रचनात्मक' वार्ता भएको र दुवै पक्षले थप छलफल गर्ने इयूले आइतबार जानकारी गराएको छ । इयूले जुलाईदेखि चिनियाँ विद्युतीय कार आयातमा ३८ प्रतिशतसम्म अतिरिक्त कर लगाउने घोषणा यसै महिना गरेको थियो ।

इयूका प्रवक्ताले युरोपेली व्यापार आयुक्त भाल्डिस डोम्ब्रोवस्कीस र चीनका वाणिज्यमन्त्री वाङ वेन्ताओबीच शनिबार 'चीनमा उत्पादित ब्याट्री विद्युतीय सवारीसाधनमा इयूको अनुदानविरोधी अनुसन्धानबारे स्पष्ट र रचनात्मक कुराकानी भएको' बताएका छन् । प्रवक्ता ओलोफ गिलले भने, 'इयू पक्षले आफ्नो अनुसन्धानका लागि वार्ताको कुनै पनि परिणाम हानिकारक अनुदानलाई सम्बोधन गर्न प्रभावकारी हुनुपर्छ भन्ने कुरामा जोड दिएको छ । दुवै पक्षले आगामी हप्तामा सबै तहमा सहकार्य जारी राख्ने छन् ।'

चिनियाँ वाणिज्य मन्त्रालयले एक्समा जनाएअनुसार दुवै पक्ष वार्ताको क्रममा 'परामर्श सुरु गर्न सहमत भएका छन् ।' इयूले चिनियाँ आयातको वृद्धिको सामना गरिरहेका समय युरोपेली उत्पादकहरूको रक्षा गर्न अनुसन्धान सुरु गरेर बेइजिङलाई चिढ्याएको थियो । युरोपेली आयोगले अहिले चिनियाँ कार उत्पादकहरूमाथि अस्थायीरूपमा कर वृद्धिको प्रस्ताव गरेको छ । आयोगले बिवाइडीका लागि




१७.४ प्रतिशत, जिलीका लागि २० प्रतिशत र एसएआइसीका लागि ३८.१ प्रतिशत करवृद्धिको प्रस्ताव गरेको छ ।

इयूले यो रकम फर्महरूले प्राप्त गर्ने राज्य अनुदानको स्तरमा निर्भर रहेको बताएको छ । चीनमा इयूसँग सहकार्य गर्ने विद्युतीय कार उत्पादकहरूले २१ प्रतिशतको अतिरिक्त करको सामना गर्नुपर्ने छ भने सहकार्य नगर्नेहरूले ३८.१ प्रतिशत शुल्कको अधीनमा हुने छन् ।

यो हालको १० प्रतिशतको आयात शुल्कको उच्चतम विन्दु हुने छ । शुल्क जुलाई ४ देखि अस्थायीरूपमा लागू हुने छ र त्यसपछि नोभेम्बरदेखि लागू हुने छ । इयूले चीनसँग छलफल गर्ने आफ्नो योजना सार्वजनिक गर्दै अनुदानसम्बन्धी समस्या समाधानका लागि सम्भावित उपायको खोजी गर्ने प्रतिबद्धता जनाएको छ ।

इयूको कर उच्च भए पनि संयुक्त राज्य अमेरिकाले गत महिनादेखि चिनियाँ विद्युतीय कारहरूमा लगाएको १०० प्रतिशत अतिरिक्त कर दरभन्दा कम हो । युरोपको अटोमोटिभ क्षेत्र यसको औद्योगिक गहना हो । विद्युतीय कार उत्पादनमा चीनको हेड-स्टार्टसहित खतराहरूको सामना गर्नुपर्दा मर्सिडिज र फेरारीजस्ता प्रतिष्ठित ब्रान्डहरूको घमण्ड तोडिएको छ । ब्रसेल्सले युरोपका सवारीसाधन (कार) हरूलाई कमजोर पार्ने अनुचित अभ्यासहरू भएको दाबी गरेको छ । यसले दहन इञ्जिन कारहरूको नयाँ बिक्री चरणबद्ध गर्न सन् २०३५ को समयसीमाको सामना गर्नुपर्ने छ । *रासस/एएफपी*

# अफगानस्तानमा शान्ति, सुरक्षा र स्थिरता स्थापना गर्न भारत प्रतिबद्ध

**न्युयोर्क–** भारतको उद्देश्य अफगानस्तानका जनताका लागि दीर्घकालीन शान्ति, सुरक्षा र स्थिरता स्थापना गर्नु रहेको संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्का उपस्थायी प्रतिनिधि राजदूत आर रवीन्द्रले बताएका छन् ।

परिषद्को बैठकमा राजदूत आर रवीन्द्रले भने, 'विशेषगरी हालैका घटनाक्रमका बारेमा एसआरएसजी मुथुन बायवाले अफगानिस्तानको अवस्थाबारे दिनुभएको जानकारीको हामी कदर गर्दछौं । अफगानी मानवअधिकार संगठन (होचा) र नागरिक समाजका प्रतिनिधिद्वारा प्रदान गरिएको अन्तर्दृष्टि पनि धेरै उपयोगी थियो । भारत अफगानिस्तानको नजिकको छिमेकी हो । अफगानिस्तानका जनतासँग भारतको ऐतिहासिक र सभ्यताको सम्बन्ध छ । हाम्रो उद्देश्य अफगानिस्तानको दीर्घकालीन शान्ति, सुरक्षा र स्थिरता स्थापना गर्नु हो ।'



यसबाहेक, राजदूत आर रवीन्द्रले अन्तर्राष्ट्रिय समुदायले अफगानिस्तानलाई प्रमुख प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । 'अफगानिस्तानप्रति अन्तर र्राष्ट्रिय समुदायको दृष्टिकोणलाई मार्गनिर्देशन जारी राख्नुपर्छ । हाम्रो साझा प्राथमिकतामा आतंकवादको प्रतिरोध गर्ने, समावेशी शासन ल्याउने, महिला, बालबालिका र अल्पसंख्यकको अधिकार र हितको रक्षा गर्ने, लागुऔषधको प्रतिरोध गर्ने र देशका जनताको हितका लागि मानवीय सहयोगलाई प्राथमिकता दिने समावेश छ,' राजदूत रवीन्द्रले बताए ।

'विकास र मानवीय सहायतामा भारत धेरै वर्षदेखि अफगानिस्तानको भरपर्दो साझेदार रहिआएको छ,' उनले भने । अफगान जनताका लागि भारतको प्रयासलाई प्रकाश पार्दै रवीन्द्रले भने, 'भारतले अफगानिस्तानमा ५० हजार मेट्रिक टन गहुँ, २५० टन चिकित्सा सहायता र २२५ टन भूकम्प राहत सहायतासहितको मानवीय सहायता प्रदान गरेको छ । साथै ६०० अफगान बालिकासहित चार हजारभन्दा बढी विद्यार्थीका लागि शैक्षिक छात्रवृत्ति प्रदान गरेको छ ।'

राजदूत रवीन्द्रले ऊर्जा, पानी आपूर्ति, सडक सम्पर्क, स्वास्थ्य सेवा, शिक्षा, कृषि र क्षमता निर्माणमा केन्द्रित सबै ३४ प्रान्तमा ५०० भन्दा बढी विकास परियोजनालाई भारतले सहयोग गरेको बताए । राजदूत रवीन्द्रले इरानको चाबहार बन्दरगाहमार्फत भारत र अफगानिस्तानले आफ्नो व्यापार जारी राखेको उल्लेख गर्दै यो बन्दरगाह विकास गर्ने हालैको सम्झौताले अफगानिस्तानका लागि कनेक्टिभिटी हब बनाउने भारतको प्रतिबद्धतालाई देखाउँछ ।

'हामी अफगानिस्तानका जनताप्रतिको हाम्रो अटुट प्रतिबद्धतालाई दोहोऱ्याउँछौं । अफगानी समाजलाई सहयोग गर्न हरेक पहलमा भारतले पूर्ण सहयोग जारी राख्ने छ,' उनले भने । *रासस/एएनआई*

# गाजामा विस्थापितलाई आश्रय लिन छुट्ट्याइएका करिब ७० प्रतिशत विद्यालय भवन क्षतिग्रस्त

**गाजा–** निकट पूर्वका प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय राहत तथा कार्य निकाय (युएनआरडब्ल्युए) ले विस्थापित परिवारले आश्रय लिइरहेका ६९ प्रतिशत विद्यालय भवनमा प्रत्यक्षरूपमा क्षति पुगेको जनाएको छ ।

युएनआरडब्ल्युएले आइतबार सामाजिक सञ्जाल एक्समा मानवीय कानुनको घोर अवहेलना रोक्नैपर्ने बताउँदै लेखेको छ, 'गाजामा कहीँ पनि सुरक्षित छैन । हामीलाई अब युद्धविरामको आवश्यकता छ । गाजामा ७६ प्रतिशतभन्दा बढी विद्यालयको पुनर्निर्माण आवश्यक छ वा पुनः सञ्चालनका लागि ठूलो पुनर्निर्माण आवश्यक छ ।'

यस सन्दर्भमा युएनआरडब्ल्यूएका प्रवक्ता जोनाथन फाउलरले गाजा पट्टीमा इजरायली आक्रमणका कारण भएको विनासको स्तर धेरै ठूलो रहेको र यसलाई मेटाउन र पुनर्निर्माण गर्न २० वर्षभन्दा बढी समय लाग्ने बताउँदै गाजा पट्टीमा रहेका करिब १७० युएनआरडब्ल्युए सुविधाहरूमा बमबारी गरिएको र विभिन्न स्तरमा निरन्तर क्षति भएको बताए ।

उनले आक्रमणको सुरुआतदेखि नै शिक्षा बन्द भएका कारण सबैभन्दा बढी क्षति भएका विद्यालय रहेको बताए । उनले विद्यालयलाई संयुक्त राष्ट्रसंघको झण्डाको संरक्षणमा सुरक्षित स्थानको रूपमा स्थापना गरिएको र विस्थापित भएका नागरिकहरूका लागि विद्यालय आपत्कालीन आश्रयस्थलमा रूपान्तरण भएको उल्लेख गरे ।

युएनआरडब्ल्युएको स्थापना सन् १९४९ मा संयुक्त राष्ट्रसंघको महासभाको निर्णयबाट भएको थियो र यसलाई जोर्डन, सिरिया, लेबनान, वेस्ट बैंक र गाजा पट्टीगरी पाँच सीमा क्षेत्रमा प्यालेस्टिनी शरणार्थीलाई सहायता र सुरक्षा प्रदान गर्न अनिवार्य गरिएको थियो । *रासस/क्युएनए*

# भारतमा विषाक्त मदिरा सेवनबाट ५० भन्दा बढीको मृत्यु

**बेंगलोर–** भारतमा विषादीयुक्त रक्सीको सेवनबाट ज्यान गुमाउनेको संख्या ५३ पुगेको सञ्चारमाध्यमले आइतबार जनाएको छ । तमिलनाडु राज्यका मुख्यमन्त्री एमके स्तालिनले मंगलबार स्थानीय प्रक्रियाबाट बनाएको रक्सीमा विषाक्त मेथनोल मिसाइएको र केही घण्टाभित्रै रक्सी पिउने ३७ जनाको मृत्यु भएको बताएका छन् ।

उक्त रक्सी पिउने १०० भन्दा बढी मानिसहरूलाई अस्पताल लगिएको थियो । भारतमा ब्याकस्ट्रिट डिस्टिलरीहरूमा बनेको सस्तो रक्सीबाट हरेक वर्ष सयौं मानिसहरू मर्छन्, तर यो विषाक्तता हालका वर्षहरूमा सबैभन्दा भयानक रह्यो । रक्सीको शक्ति बढाउन मिसाइने पदार्थ मेथनोले अन्धोपन, कलेजोको क्षति र मृत्यु निम्त्याउन सक्छ ।

इन्डियन एक्सप्रेस पत्रिकाले आइतबार कल्लाकुरिची जिल्लाका गरिब मजदुरहरूले नियमितरूपमा प्लास्टिकको झोलामा ६० रूपैयाँ मूल्य पर्ने रक्सी किन्ने र काम गर्नुअघि पिउने जानकारी गराएको छ । रक्सीको सेवनबाट कोही अन्धो भएर अस्पताल लगिएको थियो भने कोहीको सडकमै ढलेर तत्काल मृत्यु भएको थियो ।

कल्लाकुरिची जिल्लाका शीर्ष सरकारी अधिकारी एमएस प्रशान्थले शनिबारको पछिल्लो तथ्यांकअनुसार ५३ जनाको मृत्यु भएको बताएका छन् । अन्य भारतीय सञ्चारमाध्यमले आइतबार मृतकको संख्या ५५ पुगेको बताएको थियो तर कुनै आधिकारिक पुष्टि भएको थिएन । प्रशान्थले नक्कली रक्सी त्रासदीसँग सम्बन्धित सात जनालाई पक्राउ गरिएको बताए ।

इन्डियन एक्सप्रेसले बिहीबार विषालु पेयपदार्थको प्याकेट पिएर मृत्यु भएकाको पत्नी घरेलु कामदार कोलान्जीसँग कुरा गरेको थियो । मानिसहरूले सरकारी पसलहरूबाट रक्सी किन्न नसक्दा दुषित मुनशाइन नामक रक्सी पिएको उनले बताए ।

भारतका धेरै भागहरूमा रक्सी बेच्न र सेवन गर्न निषेध गरिएको छ, जसले गर्दा घातक ब्याकस्ट्रिट मुनशाइनजस्ता पेयपदार्थको कालोबजार फस्टाएको पाइन्छ । गत वर्ष पूर्वी भारतीय राज्य बिहारमा विषाक्त मदिरा सेवन गर्दा २७ जनाको मृत्यु भएको थियो भने सन् २०२२ मा गुजरातमा ४२ जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

# इजिप्टले गैरकानुनीरूपमा हज यात्रामा पठाउने संस्थामाथि प्रतिबन्ध लगाउने

**कायरो–** इजिप्ट सरकारले प्रशासनको स्विकृति नलिई वा दर्ता नगरी गैरकानुनीरूपमा साउदी अरबमा हज यात्राको व्यवस्था गरेकोमा १६ वटा ट्राभल एजेन्सीको सञ्चालनमा प्रतिबन्ध लगाउने तयारी गरेको छ ।

साउदी सहरमा चरम गर्मीका कारण गत हप्तामा हजको यात्राका क्रममा दर्ता नगरिएका इजिप्टेली तीर्थयात्रीमध्ये ६०० भन्दा बढीको मृत्यु भएको जानकारी आएपछि यो कदम चालिएको हो । हज मृत्यु संकट एकाइको शनिबार आयोजित बैठकमा इजिप्टका प्रधानमन्त्री मुस्तफा मडबौलीले यस्ता एजेन्सीहरूको इजाजतपत्र रद्द गर्न र संलग्न व्यक्ति र संस्थालाई सार्वजनिक अभियोजनबमोजिम कारबाही गर्न आदेश दिएको छ ।

मक्काका लागि दर्ता नभएका तीर्थयात्रीका लागि अवैध र गैरकानुनी माध्यमबाट यात्रा आयोजना गर्ने एजेन्सी वा सम्बन्धित व्यक्तिको विवरण भने विज्ञप्तिमा उल्लेख गरिएको छैन । दर्ता भएका ५० हजारभन्दा बढी इजिप्टका तीर्थयात्रीमध्ये कुल ३१ जनाको 'दीर्घकालीन रोग' कारण मृत्यु भएको पुष्टि भएको प्रधानमन्त्री मडबौलीले जानकारी गराए ।

बेपत्ता भएका इजिप्टेली तीर्थयात्रीहरूलाई सकेसम्म चाँडो फेला पार्न र सबै इजिप्टेली तीर्थयात्रीको घर फिर्तालाई सुनिश्चित गर्न विदेश मन्त्रालयले साउदी अधिकारीहरूसँग समन्वय जारी राख्ने विदेशमन्त्री सामेह शौकरीले उल्लेख गरे ।

इस्लाम धर्मावलम्वीको प्रमुख हज तीर्थयात्रा मक्कामा विश्वभरका मुस्लिम तीर्थयात्रीहरूद्वारा वार्षिकरूपमा आयोजना गरिन्छ । साउदी अधिकारीका अनुसार यस वर्ष तीर्थयात्रीहरूको संख्या १८ लाखभन्दा बढी पुगेको थियो । *रासस/सिन्ह्वा*

# अमेरिकासँगको हतियारसम्बन्धी विवाद छिट्टै टुंगिन्छ : इजरायली प्रधानमन्त्री

**जेरुसेलम–** इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गाजा युद्धका कारण अमेरिकासँग भएको हतियारसम्बन्धी विवाद छिट्टै सुल्झाइने बताएका छन् । 'अमेरिकाबाट इजरायलमा आउने हतियारको आपूर्तिमा करिब चार महिना अघिदेखि नाटकीय गिरावट आएको थियो । हामीले सबै प्रकारका स्पष्टीकरणहरू पायौं, तर आधारभूत अवस्था परिवर्तन भएन,' नेता नेतन्याहूले मन्त्रिपरिषद् बैठकमा भने ।



उनले भने, 'मैले अन्तिम दिनमा जे सुनेको छु, त्यसको आलोकमा म आशा र विश्वास गर्दछु । निकट भविष्यमा यो मुद्दा समाधान हुने छ । महिनौंसम्म यो परिस्थितिमा कुनै परिवर्तन नआएपछि मैले यसलाई सार्वजनिक अभिव्यक्ति दिने निर्णय गरेको थिएँ ।' नेतन्याहूले यसै साताको सुरुमा एक भिडियो वक्तव्य जारी गर्दै 'इजरायललाई हातहतियार र गोलाबारुद रोकेको' आरोप अमेरिकामाथि लगाएका थिए । अमेरिकी अधिकारीले नेतन्याहूको भनाइबारे आफूहरूलाई जानकारी नभएको बताएका छन् ।

इजरायली रक्षामन्त्री योआभ ग्यालेन्ट गाजा युद्धबारे वार्ताका लागि वासिङ्टन उडेका बेला नेतन्याहूको पछिल्लो टिप्पणी आएको हो । गाजामा हमासका लडाकुसँग लडिरहेको र लेबनानको उत्तरी सीमामा लेबनानी हिजबुल्लाहसँग सशस्त्र लडाइँ जारी रहेको समयमा आफ्नो अस्तित्वका लागि युद्ध लड्न अमेरिकी गोलाबारुदको आवश्यकता रहेको बिहीबार इजरायली प्रधानमन्त्रीले बताएका थिए ।

वासिङ्टन इजरायलको मुख्य सैन्य समर्थक हो तर ह्वाइट हाउसले इजरायलले आठ महिनाभन्दा बढी समयदेखि हमास लडाकुहरूसँग लडिरहेको गाजामा नागरिकको बढ्दो मृत्युप्रति निराशा व्यक्त गरेको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाइडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४२००० | प्रति तोला - १४१३०० | प्रति तोला - १८१५ |



**ताजा खगोलभोडा** | दाङको घोराही उपमहानगरपालिका-१६ स्थित तेरौटेमा स्थानीय किसानले व्यावसायिक रूपमा गरेको बिक्रीका लागि टिपिएको गोलभँडा ।

*तस्बिर: कुलदीप न्यौपाने/रासस*

# हेटौंडा सिमेन्टको पुनःउत्पादन सुरु




**मकवानपुर-** करिब तीन महिनाअघिदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले आइतबारदेखि पुनःउत्पादन सुरु गरेको छ । उद्योगको आगो बाल्ने भट्टीका साथै केही उपकरण मर्मतसम्भार गर्नुपर्ने भएकाले दुई हप्ताका लागि उत्पादन बन्द गरिएको थियो ।

उक्त उद्योगबाट अवकाश पाएका कर्मचारीले आफूले पाउने उपदान र औषधि उपचार खर्चको एकमुष्ठ रकम भुक्तानी नगरेको भन्दै लामो समयसम्म हड्ताल जारी राखेकाले सिमेन्टको उत्पादन सञ्चालन गर्न नसकिएको उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिए । अहिले निवृत्त भएका कर्मचारीले हड्ताल स्थगित गरेपछि आइतबारदेखि नियमित उत्पादन र प्याकिङ गर्ने काम सञ्चालन भएको उनको भनाइ छ ।

उद्योगमा अहिले पटक-पटक गरी करिब चार हजार ५०० मेट्रिकटन कोइला बोलपत्रद्वारा आह्वान गरी आपूर्ति गरिरहेकाले अब नियमित उत्पादन भइरहने सिमेन्ट उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले जानकारी दिए । उनका अनुसार केही महिनाअघि आर्थिक संकटले कोइला खरिद गर्न कठिनाइ हुँदा पटकपटक उत्पादनमा रोक लगाउनुपरेको थियो । स्थापनाकालदेखि केही वर्षअघिसम्म उक्त उद्योगमा कार्यरत विभिन्न तहका २९ जना कर्मचारीले अवकाश पाएपछि निजहरूले नियमअनुसार पाउनुपर्ने उपदान, औषधि उपचार खर्चसमेत गरी करिब १७ करोड पाँच लाख रूपैयाँ रकम दिनुपर्नेमा आर्थिक संकटले भुक्तानी दिनुपर्ने रकम नभएकाले समस्या आएको उद्योगका लेखा प्रमुख हरेराम कोइरालाले बताए ।

उद्योगका महाप्रबन्धक पाण्डेले आइतबार संक्षिप्त कुराकानी गर्दै उद्योगलाई अब नयाँ प्रक्रियाबाट सञ्चालनमा ल्याई सिमेन्ट उत्पादन नियमित गर्ने योजना बनाइएको बताए । 'अवकाश लिएका कर्मचारीलाई दिनुपर्ने रकम हाल उद्योगमा मौज्दात नरहेकाले नवनियुक्त अध्यक्षलगायत पदाधिकार र प्रतिनिधिसभाका सदस्यद्वय दिपकबहादुर सिंह र महेशकुमार बर्तौलासहितको प्रतिनिधिमण्डलले प्रधानमन्त्री, अर्थमन्त्री र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीलाई भेटी उद्योगमा आइपरेको आर्थिक संकटबारे जानकारी गराएका छौं,' उनले भने, 'सरोकार भएका निकायको पहलमा समस्या समाधान गर्नेछौं ।'

उद्योग मन्त्रालयले सरकारकोतर्फबाट सिमेन्ट उद्योगलाई उपलब्ध गराइदिने रकमका लागि आवश्यकीय कागजपत्र अर्थ मन्त्रालयमा पठाइसकेको जनाउँदै महाप्रबन्धक पाण्डेले केही हप्ताभित्रै अनुदान रकम प्राप्त हुने भएकाले अवकाश प्राप्त कर्मचारीलाई दिइने बताए । तत्कालीन श्री ५ को सरकारले वि.सं. २०३३ मा हेटौंडाको लामसुरेमा हेटौंडा सिमेन्ट उद्योगको स्थापना गरेको थियो ।

तत्कालीन समयमा उद्योग निर्माणका लागि एक अर्ब ५० करोड रूपैयाँ रकम सरकारले उपलब्ध गराएको थियो । २०४३ मंसिर २६ गतेदेखि व्यावसायिकरूपमा सिमेन्टको उत्पादन गरी काठमाडौंलगायत विभिन्न सहरमा आपूर्ति गर्दै आएको उद्योग प्रशासनले जनाएको छ । *रासस*

# तयार भयो बाह्रबिसे सबस्टेसन

**■ प्रभाव संवाददाता**

काठमाडौं- सिन्धुपाल्चोक र आसपासका जिल्लाको विद्युत् राष्ट्रिय प्रणालीमा जोड्नका लागि महत्त्वपूर्ण मानिएको बाह्रबिसे सबस्टेसन निर्माण सम्पन्न भएको छ । कूल २२०/१३२ केभी क्षमताको सबस्टेसनमा १६० एमभिए, १३२/११ केभी र पाँच एमभिएका पावर ट्रान्सफर्मर रहेका छन् । ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित सबस्टेसनका सम्पूर्ण उपकरणको परीक्षण सम्पन्न भइसकेको छ । बाह्रबिसेमा ४०० केभीको अर्को सबस्टेसन पनि निर्माणाधीन अवस्थामा छ ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत् कम्पनीको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माण गरिएको १०२ मेगावाटको मध्यभोटेकोशी जलविद्युत् आयोजनाको विद्युत् यही सबस्टेसनमा जोडिने छ । मध्यभोटेकोशी जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन सुरु भएपछि सोही विद्युत् प्रयोग गरी बाह्रबिसे सबस्टेसनलाई चार्ज गरिने विद्युत् प्राधिकरणले जनाएको छ ।

निर्माण सम्पन्न भएको मध्यभोटेकोशीबाट विद्युत् उत्पादन सुरु गर्न संरचना तथा उपकरणहरू परीक्षण गर्ने क्रममा सुरुङबाट पानी चुहिएपछि हाल सुरुङको मर्मत भइरहेको छ । सुरुङ मर्मत आगामी भदौ दोस्रो साताभित्र (अगस्ट) सक्ने लक्ष्य राखी काम भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । घिसिङसहितको उच्चस्तरीय प्रतिनिधिमण्डलले शनिबार सबस्टेसन, प्रसारण लाइन र मध्यभोटेकोशीको सुरुङ मर्मत कार्यको अनुगमन गरी तोकिएको समयभन्दा अघि सम्पूर्ण काम सम्पन्न गर्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीलाई आग्रह गरे । कार्यकारी निर्देशक घिसिङले बाह्रबिसे सबस्टेसन निर्माण सम्पन्न भइसकेकाले मध्यकोटेकोशीबाट उत्पादित विद्युत् प्रवाहका लागि समस्या नरहेको उल्लेख गरे ।

'सबस्टेसन तयार गर्न नसक्दा मध्यभोटेकोशीको विद्युत् जोड्न नसकिने हो कि भन्ने अवस्था थियो, अब २२० केभी सबस्टेसन निर्माण सम्पन्न भइसकेपछि आयोजनाको विद्युत् जोड्न विभिन्न विकल्प तयार भएका छन्, चुहिएको सुरुङ मर्मतका लागि पनि केही समय लाग्ने देखिएको छ, त्यसैले अब प्रसारण लाइन तथा सबस्टेसन अभावमा आयोजनाको विद्युत् खेरजाने अवस्था छैन,' उनले भने । मध्यभोटेकोशीबाट उत्पादित विद्युत् २२० केभी प्रसारण लाइनमार्फत बाह्रबिसे सबस्टेसनमा जोडिने छ । आयोजनाले आफ्नो विद्युत्गृहको स्वीचयार्डबाट बाह्रबिसे सबस्टेसनसम्मको करिब चार किलोमिटर लामो २२० केभी सिंगल सर्किट प्रसारण लाइनको टावर निर्माण गरिसकेको कार्यकारी निर्देशक घिसिङले बताए । प्रसारण लाइनको करिब दुई किलोमिटर तार तानिएको छ । बाह्रबिसे नगरपालिका-३ र ४ स्थित पलाँतीका स्थानीयको अवरोधका कारण आयोजनाले दुई किलोमिटर तार तान्न नसकेको उनको भनाइ छ ।

> मध्यभोटेकोशीबाट उत्पादित विद्युत् २२० केभी प्रसारण लाइनमार्फत बाह्रबिसे सबस्टेसनमा जोडिने छ । आयोजनाले आफ्नो विद्युत्गृहको स्वीचयार्डबाट बाह्रबिसे सबस्टेसनसम्मको करिब चार किलोमिटर लामो २२० केभी सिंगल सर्किट प्रसारण लाइनको टावर निर्माण गरिसकेको छ ।

मध्यभोटेसीको विद्युत् प्रवाहका लागि अस्थायीरूपमा वैकल्पिक व्यवस्था गरिएको छ । कूल २२० केभी क्षमताको प्रसारण लाइनबाट बाह्रबिसे सबस्टेसनमा पुगेको विद्युत्लाई सोही सबस्टेसनमार्फत १३२ केभीमा झारेर प्रवाह गरिने प्राधिकरणले जनाएको छ । यसका लागि २२ मेगावाटको माथिल्लो चाकु 'ए' जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी शिवश्री हाइड्रोपावरले निर्माण गरेको १३२ केभी सिंगल सर्किट प्रसारण लाइनलाई डबल बनाएर बाह्रबिसे सबस्टेसनमा लगिने छ । सोही प्रसारण लाइनबाट मध्यभोटेकोशीको विद्युत् लामोसाँघु सबस्टेसन हुँदै राष्ट्रिय प्रणालीमा समाहित गरिने कार्यकारी निर्देशक घिसिङले जानकारी दिए । अस्थायी वैकल्पिक व्यवस्था खिम्ती-बाह्रबिसे वा बाह्रबिसे-काठमाडौं प्रसारण लाइन सम्पन्न नभएसम्म रहने छ । उनका अनुसार उक्त लाइन सम्पन्न भएपछि सोहीमार्फत विद्युत् प्रवाह हुने छ ।

तामाकोशी-काठमाडौं २२०/४०० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत रामेछापस्थित नयाँ खिम्ती सबस्टेसनबाट बाह्रबिसेसम्म ४३ किलोमिटर प्रसारण लाइन निर्माणाधीन छ । प्रसारण लाइनमा पर्ने ११८ वटा टावरमध्ये दुई वटाको मात्र निर्माण बाँकी छ । नयाँ खिम्ती सबस्टेसन नजिक स्थानीयको अवरोधका कारण एउटा टावर निर्माण हुन सकिरहेको छैन ।

सोही क्षेत्रमा प्रसारण लाइनको मार्गाधिकारमा पर्ने जग्गाधनीले जग्गाको सतप्रतिशत क्षतिपूर्तिको माग गरेपछि करिब १.३ किलोमिटर तार तान्न समस्या भएको घिसिङको भनाइ छ । उनका अनुसार कूल ४३ किलोमिटर प्रसारण लाइनमध्ये ३४ किलोमिटर तार तानिएको छ ।

बाह्रबिसेबाट काठमाडौंको लप्सेफेदीसम्मको ४६ किमि ४०० केभी डबल सर्किट प्रसारण लाइन निर्माण अन्तिम चरणमा छ । उक्त प्रसारण लाइनमा पर्ने १२२ वटा टावरमध्ये लप्सेफेदीका स्थानीयको अवरोधका कारण पाँचवटा टावर निर्माण बाँकी छ । अहिले स्थानीयको अवरोध हटिसकेकाले टावर प्याड निर्माणका लागि जग्गा अधिग्रहण गर्न मुआब्जा निर्धारणको प्रक्रियामा रहेको आयोजना प्रमुख नितेश पौडेलले बताए । 'उक्त प्रसारण लाइनमध्ये ४२ किमि तार तानिसकिएको छ । अवरोध भएको ठाउँको मात्र काम बाँकी छ,' उनले भने ।

तामाकोशी तथा सुनकोशी नदी र ती नदीका सहायक खोलानालाको जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न तामाकोशी-काठमाडौं प्रसारण लाइन र सबस्टेसन निर्माण गरिएको हो । आयोजनामा नेपाल सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलितपूर्ण ऋण रहेको छ ।


## कोरोना भाइरस रोगबाट बच्ने उपायहरू

- बेलाबेलामा साबुनपानीले मिचिमिचि हात धुने वा अलकोहल भएको स्यानिटाइजर प्रयोग गर्ने
- खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने
- हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा, नमस्कार गर्ने
- भिडभाडमा नजाने

पछिल्लो समयमा केपी प्रजातिको नयाँ भेरियन्ट समेत देखा परेकाले जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गरिन्छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र

Goverment of Nepal Department of Water Supply and Sewerage Management

JFPR Japan Fund for Prosperous and Resilient Asia and the Pacific

From the People of Japan

ADB



## सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध

यस प्रभाव दैनिक प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल

फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email: marketing2prabhab@gmail.com


# 'जैविक ऊर्जा र प्लाइउडका कच्चापदार्थमा भ्याट नलगाऊ'

**काठमाडौं (प्रस)–** आगामी वर्षको बजेटमार्फत दाउरा, वनमारालगायतका वनपैदावारमा सरकारले मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने प्रस्तावले स्वदेशी उद्योगलाई नकारात्मक असर गर्ने बताइएको छ ।

जैविक ऊर्जा व्यवसायी संघ नेपाल र नेपाल प्लाइउड उत्पादक संघले आइतबार पत्रकार सम्मेलन गरी स्वदेशकै वनपैदावारमा भ्याट लगाउने तर सोही प्रकृतिको कच्चापदार्थ भारत निकासी गर्न पैठारी कर तथा भ्याट छुटको व्यवस्था गरिएको भन्दै आपत्ति जनाएका हुन् ।

जैविक ऊर्जा व्यावसायी संघ नेपालका अध्यक्ष सुशील ज्ञवालीले दाउरा, वनमारा, ब्रिकेट, प्यालेटमा विगतमा दिइएको भ्याट छुट हटाइँदा औद्योगिक इन्धन आयात प्रतिस्थापनको सम्भावना नरहने बताए । 'एकातिर तयारी उत्पादनलाई पुनः आयात गर्न सहज हुनेगरी पैठारी घटेको छ भने अर्कातिर सञ्चालनमा आउँदै गरेका ब्रिकेट, प्यालेटलगायत वन पैदावारमा आधारित उद्योगहरू बन्द हुने अवस्था छ,' अध्यक्ष ज्ञवालीले भने ।

केही युवाले वन क्षेत्रमा खेर गइरहेको वनपैदावार तथा कृषि वस्तु (वनको झाडी, वनमारा, काठको धुलो, वगास, प्लाइ वैस्ट, आदि) उपयोग गरी उद्योग स्थापना गरिरहेका छन् । यी उद्योगहरूले वनमारालगायत वनजन्य कच्चापदार्थहरूबाट तापीय ऊर्जाका लागि ब्रिकेट, पेलेट उत्पादन गरी बाहिरबाट आयातीत जीवास्मा इन्धन (डिजल, कोइला, एलपिजी ग्यास) प्रतिस्थापन गर्ने लक्ष्य लिएका छन् ।

ऊर्जा उत्पादनको नयाँ विकल्प ल्याई आयातीत जिवास्म इन्धन प्रतिस्थापनमा लागेका उद्योगलाई निरुत्साहित नगर्न नेपाल प्लाइउड उत्पादक संघका अध्यक्ष होमनारायण घिमिरेले आग्रह गरे । पूर्वमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका नेता गणेश शाहले ब्रिकेट तथा प्यालेटमा पहिलोपटक भ्याटको भार थपिनु र सोही वस्तु भारतबाट आयात हुँदा भ्याट तथा भन्सार शुल्क शून्य बनाइनु पश्चगामी कदम भएको टिप्पणी गरे । उनले सरकारले त्यस्तो प्रस्ताव फिर्ता लिनुपर्ने अन्यथा सोको विरोधमा अभियान सञ्चालन हुने जनाए । वातावरणविज्ञहरू भरतराज पोखरेल र सन्तोषमणि नेपालले पनि बजेटमा भएको उक्त व्यवस्थाले स्वदेशी उद्योग र रोजगारीलाई प्रतिकूल असर पार्ने बताए ।


अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ